सामुदायिक सूचना केन्द्र तथा हुलाक सूचना केन्द्र (टेलिसेन्टर) को आन्तरिक मूल्यांकन अध्ययन प्रतिवेदन

राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार
२०७४

संक्षेपीकरण

रायोआस	राष्ट्रिय योजना आयोगको सचिवालय
मन्त्रालय	सूचना तथा सञ्चार मन्त्रालय
विभाग	हुलाक सेवा विभाग
जिहुका	जिल्ला हुलाक कार्यालय
इहुका	इलाका हुलाक कार्यालय
अहुका	अतिरिक्त हुलाक कार्यालय
हुसूके	हुलाक सूचना केन्द्र
सासूके	सामुदायिक सूचना केन्द्र
सूचना केन्द्र	सामुदायिक सूचना केन्द्र तथा हुलाक सूचना केन्द्र
SDF	SAARC Development Fund
SASEC-IH	South Asian Sub-Regional Economic Cooperation Information Highway
ADB	Asian Development Bank
SNPMC	Strengthening National Planning and Monitoring Capacity

विषय — सूचि

परिच्छेद– एकः मूल्यांकनको परिचय १

१.१ मूल्यांकनको पृष्ठभूमिः १

१.२ मूल्यांकनको उद्देश्यः १

१.३ मूल्याकंनको क्षेत्रः १

१.४ मूल्यांकन विधि ३

१.५ सूचनाको त्रिभूजीकरण र विश्लेषण ४

१.६ मूल्यांकनकर्ताको विवरण ४

१.७ मूल्यांकनका लागि छनौट गरिएका जिल्ला र सर्भे गरिएका संस्थाहरुको विवरण ५

१.७ मूल्यांकनको सीमा ५

परिच्छेद — दुईः कार्यक्रमको परिचय ६

२.१ कार्यक्रमको पृष्ठभूमि ६

२.२ कार्यक्रमको परिचय ६

२.३ कार्यक्रमको उद्देश्य ९

२.४ कार्यक्रमको कार्यक्षेत्र ९

२.५ कार्यक्रमको अपेक्षित उपलब्धी ९

२.६ कार्यक्रमको मुख्य मुख्य क्रियाकलापहरु ९

परिच्छेद — तीनः मूल्यांकनबाट देखिएका विषयवस्तु १०

३.१ हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्रहरुको स्थिति विश्लेषण १०

३.२ अनुगमन १३

३.३ समन्वय १३

३.४ क्षमता विकास तालिम सम्बन्धमा १३

३.५ कार्यक्रमको आम्दानी र खर्च विवरण १३

३.६ गुणात्मक तथ्याङ्क विश्लेषण १४

३.७ मूल्यांकनबाट देखिएका समग्र समस्याहरु १७
परिच्छेद — चारः मूल्यांकनको नतिजा २०
४.१ पृष्ठभूमि २०
४.२ मूल्यांकन नतिजा २०
४.३ मूल्यांकनको समग्र नतिजाः २३
एकाई — पाँचः निष्कर्ष र सुझावहरु २४
५.१ सुझावहरु २४
५.२ निष्कर्ष ३०

कार्यकारी सारांश

कार्यक्रमको परिचय

ग्रामीण क्षेत्रमा सूचना र प्रविधिजन्य सेवाहरु जस्तैः इन्टरनेट, फोटोकपी, फ्याक्स, कम्प्युटर सम्बन्धी आधारभूत तालिम आदिको सुनिश्चित गर्नका लागि देशभरका हुलाक कार्यालयहरु मार्फत सञ्चालनमा आएको हुलाक सूचना केन्द्र (टेलिसेन्टर) र सञ्चार मन्त्रालय मार्फत कार्यान्वयनमा आएको हुलाक सुचना केन्द्रले जस्तै सेवा प्रदान गर्ने सामुदायिक सूचना केन्द्रलाई समग्रमा यहाँ सूचना केन्द्र नाम दिइएको छ । हुलाक सेवा विभागले आ.व. ०६४/६५ देखि आ.व. ०६७/६८ सम्म काठमाडौं र भक्तपुर बाहेक ७३ जिल्लामा ४०१ वटा हुलाक सूचना केन्द्रहरु (हुसूके) सञ्चालनमा ल्याएको छ । त्यस्तै, सूचना तथा सञ्चार मन्त्रालयले सार्क विकास कोषको सहयोगमा आ.व. ०७०/७१ मा ८१ वटा, एशियाली विका बैंकको सहयोगमा ३० वटा र मन्त्रालयको आफ्नै बजेटमा आ.व. ०७२/७३ मा १५ वटा गरी कुल १२६ वटा सामुदायिक सूचना केन्द्रहरु (सासूके) सञ्चालनमा ल्याएको छ । मन्त्रालय अन्तर्गतको सासूकेले काठमाडौं र भक्तपुर जिल्लालाई पनि समेटेको हुँदा हुसूके र सासूके गरी ७५ वटै जिल्लामा कुल ५२७ वटा सूचना केन्द्रहरु सञ्चालनमा आएको छ ।

कार्यक्रमको उद्देश्य

सूचना तथा प्रविधिजन्य सेवाहरु स्थानीयस्तरमा प्रदान गरी सहरी र ग्रामीण क्षेत्र वीचको Digital Divide लाई कम गर्ने र सूचना र प्रविधिमा ग्रामीण जनताको ज्ञानको दायरा फराकिलो बनाई उनीहरुमा चेनताको स्तर बढाउँदै लैजाने यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

मूल्यांकनको उद्देश्य

यो कार्यक्रमको हालसम्म आन्तरिक मूल्याङ्कन हुन नसकेको तथा तेश्रो पक्षबाट समेत मूल्यांकन हुन नसकेको देखिएकोले देहायको उद्देश्यका लागि राष्ट्रिय योजना आयोगको सचिवालयले कार्यक्रमको मूल्यांकन गरेको हो।

१) सूचना केन्द्रको स्थापनाको उद्देश्य अनुसार सूचना केन्द्र सञ्चालन भए नभएको हेर्ने ।

२) सूचना केन्द्र स्थापना गर्दा कुन कुन कुराहरुलाई आधार लिइएको थियो हेर्ने ।

३) सूचना केन्द्र सञ्चालनको क्रममा देखिएका समस्याहरुको विश्लेषण गर्दै कार्यान्वयनका लागि सुझाव प्रस्तुत गर्ने ।

मूल्यांकन विधि

यो कार्यक्रमको मूल्यांकनको लागि प्राथमिक तथ्याङ्क संकलन विधि र द्वितीय तथ्याङ्क संकलन विधि मार्फत सूचना तथा तथ्याङ्क संकलन गरी संकलित सूचनालाई कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारीता, कार्यदक्षता, प्रभाव र दिगोपना गरी विभिन्न ६ वटा सूचकहरुमा स्तरीकरण गरी मूल्यांकन गरिएको छ । प्राथमिक तथ्याङ्क

संकलन विधि अन्तर्गत प्रत्यक्ष स्थलगत अध्ययन विधि, मुख्य सूचनादातासंग अन्तर्वार्ता, लक्षित समूह छलफल आदि विधिहरु प्रयोग गरिएको थियो भने द्वितीय तथ्याङ्क संकलन विधि अन्तर्गत हुलाक सेवा विभाग र सूचना तथा सञ्चार मन्त्रालयबाट प्राप्त दस्तावेजहरु, वेभसाइटहरु, सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित विभिन्न राष्ट्रिय नीतिहरु जस्तैः आमसञ्चार नीति २०७१, ब्रोडव्याण्ड नीति २०७१, सूचना तथा सञ्चार प्रविधि नीति २०७२, चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ — २०७५/७६), आर्थिक वर्ष २०७४/७५ को बजेट बक्तव्य आदि दस्तावेजहरु अध्ययन गरिएको थियो ।

मूल्यांकनको नतिजा

यो कार्यक्रमको मूल्यांकनबाट प्राप्त नतिजालाई देहायको ६ वटा सूचकहरुमा स्तरीकरण गरी प्रस्तुत गरिएको छ ।

कार्यसम्पादन

केही सूचना केन्द्रहरुले इन्टरनेट, फोटोकपि, फ्याक्स, लेमिनेशन, आधारभूत कम्प्युटर तालिम आदि सेवाहरु प्रदान गरेको भए तापनि अधिकांश सूचना केन्द्रहरुमा मेशिनरी उपकरणहरु वर्षौंदेखि बिग्रिएको, कतिपय सूचना केन्द्रहरुमा कम्प्युटर सहायक नबस्ने गरेको, सूचना केन्द्र सञ्चालनको लागि भवनको अभाव रहेको, वैकल्पिक उर्जाको व्यवस्था नभएको, भौगोलिक विकटता आदि कारणहरुले गर्दा सूचना केन्द्र सञ्चालनमा समस्या रहेको पाइएको छ ।

सान्दर्भिकता

सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालिन नीति २०५९, ब्रोडव्याण्ड नीति २०७१, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना तथा सञ्चारको पहूँच आम जनतामा पुर्याउने साथै सूचना तथा प्रविधिको प्रयोगमार्फत नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने कुरा रहेको छ । चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ — २०७५/७६), आ.व. २०७४/७५ को बजेट वक्तव्यमा समेत सूचना र प्रविधिको पहूँच तथा प्रयोगमा जोड दिएको पाइएकोले यो कार्यक्रम समय सान्दर्भिक रहेको छ ।

प्रभावकारिता

भौगोलिक विकटता, तुलनात्मक रुपमा महंगो सेवा, बिग्रिएको उपकरण, स्थानीयलाई सूचना केन्द्रको बारेमा कम जानकारी हुनु तथा कमजोर सिकाई आदिले गर्दा धेरैजसो सूचना केन्द्रहरु सञ्चालन हुन सकेको छैन । सूचना केन्द्र सञ्चालनमा आउन नसक्दा एकातिर स्थानीय जनताले सेवा पाउन सकेका छैनन् भने अर्कोतिर सूचना केन्द्रको कर्मचारीको तलब र उपकरण मर्मत वापत ठुलो धनरशी खर्च हुँदै आएको पाइएकोले समग्रमा यो कार्यक्रम कम प्रभावकारी रहेको छ ।

कार्यदक्षता

हुलाक सूचना केन्द्र स्थापना गर्दा प्रति इकाई रु. १ लाखका दरले रु. ४ करोड १० लागत लागेको छ भने सामुदायिक सूचना केन्द्र स्थापना गर्दा रु. ९ करोड ६२ लाख गरी कुल रु. १३ करोड ६२ लाख लागत खर्च भएको देखिन्छ । त्यसपछि हुसूके अन्तर्गत ४०१ जना कम्प्युटर सहायकको तलब वापत रु. ४,८१,२०,०००।— र उकपरण मर्मत संभार वापत रु. ९४,००,०००।— गरी रु. ५,७५,२०,०००।— वार्षिक रुपमा खर्च हुँदै आएको छ । आ.व. ०७०/७१ बाट सासूके अन्तर्गतको कर्मचारी तलब र मर्मत संभार वापत वार्षिक रु. १८ करोड ४ लाख खर्च हुँदै आएको छ । आ.व. ०७१/७१ देखि आ.व. २०७३/७४ सम्म हुसूके र सासूके गरी स्थापना खर्च वाहेक तलब र मर्मत संभार वापत करीव २३ करोड ८० लाख खर्च हुने गरेको पाइएको छ । यद्यपि, एस.डि.एफ. र सासेक अन्तर्गतको परियोजनाको सम्झौता आ.व. २०७३/७४ मा सकेको छ । कमर्चारी तलब र उपकरण मर्मत संभार वापत वार्षिक ठुलो बजेट खर्च भए तापनि लगानी अनुसार यसले प्रतिफल दिन नसकेकोले यो कार्यक्रमको कार्यदक्षता मूल्यांकनबाट कमजोर रहेको पाइएको छ ।

प्रभाव

यो कार्यक्रम कार्यान्वयनमा आएपछि ५२७ वटा सूचना केन्द्रमा ५२७ जना कम्प्युटर सहायक पदका लागि रोजगारी सिर्जना भएको छ। कार्यक्रमको उद्देश्य अनुरुप ग्रामीण भेगका समुदाय सूचना केन्द्रले प्रदान गर्ने सेवाबाट लाभान्वित हुन सकेको देखिंदैन । धेरै ठाउँमा सेवा नै बन्द भएकाले स्थानीय जनताले सूचना केन्द्रबाट सूचना प्रविधि सम्बन्धी सेवा पाउन सकेका छैनन् ।सूचना केन्द्रबाट सीप सिकेर आफ्नो निजी व्यवसाय गरी आय आर्जन गरेको पनि पाइएको छैन । केही दुर्गम ठाउँमा इन्टरनेट सेवा फोटोकपि, फ्याक्स आदि सेवा उपलब्ध गराएको भए तापनि स्पष्ट मापदण्ड विना सूचना केन्द्र स्थापना गर्दा आवश्यकता रहेको कतिपय दुर्गम ठाउँहरुमा सूचना केन्द्र स्थापना हुन सकेको छैन ।

दिगोपना

कार्यक्रम समय सान्दर्भिक भए तापनि कार्यान्वयन पक्ष कमजोर रहेको पाइएकोले कार्यक्रमलाई निरन्तरता दिने कि नदिने भन्ने प्रश्न उठ्छ । सूचना तथा सञ्चार सम्बन्धी राष्ट्रिय नीतिहरु लगायत योजना, बजेट आदि दस्तावेजहरुमा सूचना र प्रविधिको प्रयोग र पहूँचलाई जोड दिइएको हुँदा यसलाई निरन्तरता दिई थप प्रभावकारीताका साथ सञ्चालनमा ल्याउन सकिन्छ ।

कार्यक्रमसंग सम्बन्धित समस्याहरु

यो कार्यक्रमसंग सम्बन्धित समस्याहरुलाई देहायको विभिन्न क्लस्टरहरुमा राखी प्रस्तुत गरिएको छ ।

१) कार्यक्रम कार्यान्वयनमा ल्याउने समयमा कार्यक्रमको सोच तालिका, वा कार्यक्रमको उद्देश्य डिजाइन नगरी कार्यान्वयनमा ल्याएको । स्पष्ट आधार वा मापदण्ड विना सूचना केन्द्रहरु स्थापना गरेको ।

२) सूचना केन्द्र सञ्चालनको लागि विभाग वा मन्त्रालयबाट स्वीकृत निर्देशिका वा कार्यविधिहरु जारी नभएको।

३) हुलाक सूचना केन्द्र सञ्चालनको लागि पर्याप्त भवन नभएको । सूचना केन्द्रका उपकरणहरु वर्षौं देखि बिग्रिएको अवस्थामा भएपनि मर्मत संभार नभएको । हुलाक सेवा विभागसंग मर्मत संभारको सेवा खरिद सम्झौता गरेका साइपाल टेक्नोलोजि प्रा.लि.ले मर्मत संभारमा गम्भिर लापारवाही गरेको।

४) सूचना केन्द्र सञ्चालन गर्ने कम्प्युटर सहायक (अपरेटर) नियुक्तिमा कार्यक्षमतालाई वेवास्ता गरेको। कम्प्युटर सहायक (अपरेटर) धेरै जसो केन्द्रमा नबस्ने गरेको । सूचना केन्द्र कम्प्युटर सहायकलाई नविन प्रविधिको बारेमा समय तालिम प्रदान गर्न नसकेको ।

५) अधिकांश हुसूकेहरु CDMA प्रविधिबाट इन्टरनेट चलाउने लक्ष्यकासाथ स्थापना गरिएकोमा CDMA प्रविधिबाट इन्टरनेट सेवा प्रवाहमा समस्या आएको ।

६) लोडशेडिङ्ग हुने क्षेत्रमा सूचना केन्द्र सञ्चालनको लागि वैकल्पिक उर्जाको व्यवस्था प्रभावकारी हुन नसकेको ।

७) विभाग र मन्त्रालयवीच सूचना केन्द्रलाई प्रभावकारी बनाउने भन्ने विषयमा आवश्यक समन्वय गर्न नसकेको । जिल्लास्तरमा हुसूके र सासूकेवीच पनि समन्वय हुन नसकेको । यस्तै प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने अन्तर मन्त्रालयहरुसंग मन्त्रालयले समन्वय गर्न नसकेको ।

८) सूचना केन्द्रहरुको हुलाक सेवा विभाग र सूचना तथा सञ्चार मन्त्रालयले प्रभावकारी अनुगमन गर्न नसकेको । भौगोलिक विकटता र अनुगमन शिर्षकमा पर्याप्त बजेट नभएकोले अनुगमन गर्न समस्या भएको ।

सुझावहरु

हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्र सञ्चालन सम्बन्धमा देहायको सुझावहरु पेश गरिएको छ ।

१) सूचना केन्द्रहरु सञ्चालनमा ल्याउनका लागि निर्देशिका, कार्यविधिहरु पारित गरी कार्यान्वयनमा ल्याउने। केन्द्रहरु स्थापना गर्दा उपयुक्त भवन, दक्ष जनशक्ति, वैकल्पिक उर्जाको स्रोत, इन्टरनेटको पहुँच, जनसंख्या, स्थानीय जनताको आवश्यकता आदि मापदण्डका आधारमा स्थापना गर्न उपयुक्त हुने । हुसूके सञ्चालनको जिम्मा स्वतन्त्र निजी संस्थाहरुलाई दिन उपयुक्त हुने ।

२) सूचना केन्द्रहरुको सञ्चालन अवस्था के कस्तो रहेको छ भनि निरन्तरन अनुगमनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

३) विभाग वा मन्त्रालयवीच, जिल्ला हुलाक कार्यालयहरुवीच, सूचना केन्द्रहरुवीच तथा हुसूके र सासूकेवीच निरन्तर समन्वय हुने व्यवस्था मन्त्रालयले गर्ने । एकै प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने एक भन्दा धेरै मन्त्रालयहरुले एक अर्कामा समन्वय गर्नुपर्ने

४) कम्प्युटर प्रशिक्षकहरुलाई कम्प्युटर सफ्टवेयर तथा हार्डवेयर तालिम लगायत प्रविधि सम्बन्धी अन्य तालिमहरु कम्तीमा वर्षमा एक पटक अनिवार्य रुपमा प्रदान गर्नुपर्ने । दक्ष जनशक्तिलाई मात्र सूचना केन्द्र सञ्चालनको लागि कम्प्युटर सहायक (अपरेटर) मा नियुक्त गर्नुपर्ने ।

५) विग्रिएको उपकरणहरु तुरुन्त मर्मत गरी सूचना केन्द्र सञ्चालनमा ल्याउने । सूचना केन्द्र सञ्चालनको लागि धेरै लोडशेडिङ्ग हुने क्षेत्रमा वैकल्पिक उर्जा जस्तैः सोलार, जेनेरेटर, इन्भर्टर आदिको व्यवस्था गरि सेवा प्रवाहलाई चुस्त बनाउनु पर्ने ।

६) हुसूकेहरु CDMA प्रविधिबाट इन्टरनेट सेवा सञ्चालनमा प्रभावकारी ढंगले हुन नसकेको पाइएकोले इन्टरनेट सेवा प्रदान गर्ने थुप्रै संस्थाहरु जस्तैः World Link, Subisu, Classitech, Vionet आदलाई टेलिकमको विकल्पको रुपमा प्रस्तुत गर्ने ।

७) हुसूकेहरु सार्वजनिक निजी साझेदारी मोडेलमा निजी क्षेत्रलाई संचालनको जिम्मा दिन उपयुक्त हुने ।

८) संघीयताको कार्यान्वयनमा आइसकेकोले महानगरपालिका र उप-महानगरपालिका बाहेक प्रत्येक स्थानीय निकायमा एउटा सामुदायिक सूचना केन्द्र शाखा स्थापना गरी सोको सञ्चालन स्थानीय निकायले गर्ने गरी सूचना केन्द्र स्थापना गर्ने अर्को विकल्प रहेको छ ।

९) हालकै संरचनामा सूचना केन्द्रहरु रहेमा हुलाक सेवा विभागका तथा मन्त्रालयका प्राविधिक टोलीबाट कम्तीमा वर्षको एक पटक प्रभावकारी ढंगले अनुगमन गर्ने । सूचना केन्द्र सञ्चालनको स्थानीय निकायमार्फत गर्ने हो भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सूचना तथा प्रविधि विभागबाट संयुक्त रुपमा अनुगमन गरी अनुगमनबाट सूझाइएका विषयहरु तत्काल कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

निष्कर्ष

आ.व. ०६४/६५ देखि आ.व. ०७२/७३ सम्म हुलाक सेवा विभाग र सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत गरी कुल ५२७ वटा सूचना केन्द्रहरु संचालनमा छन् । सूचना केन्द्रले मुख्य गरी आधारभूत कम्प्युटर तालिम, इन्टरनेट, फोटोकपि, फ्याक्स, लेमिनेशन आदि सूचना तथा प्रविधिजन्य सेवाहरु प्रदान गर्दै आएको छ। सूचना केन्द्र स्थापना गर्दा विना मादपण्ड निर्माण गरेको, उपकरणहरु वर्षौ देखि विग्रिए तापनि मर्मत हुन सकेको छैन, कम्प्युटर सहायक सूचना केन्द्रहरुमा नबस्ने गरेको, साँघुरो कोठा, लोडशेडिङ्ग, भौगोलिक विकटता, तालिमको अभाव आदि यो कार्यक्रमका समस्याहरुको रुपमा रहेका छन् । तद्यपि, सूचना केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तथा कार्यविधि निर्माण गरी सूचना केन्द्र कुन मोडेलमा सञ्चालन गर्ने हो, केन्द्र सञ्चालनका मापदण्डहरु के के रहने भन्ने विषय स्पष्ट गरी उपकरणहरुको मर्मत संभार र जनशक्तिलाई तालिमको व्यवस्था तथा निरन्तर अनुगमन गर्न सकेमा यो कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गर्न सकिने छ।

परिच्छेद – एकः मूल्यांकनको परिचय

१.१ मूल्यांकनको पृष्ठभूमिः

राष्ट्रिय योजना आयोगको सचिवालयबाट प्रत्येक वर्ष नेपाल सरकारबाट सञ्चालित वा सम्पन्न भइसकेका कार्यक्रम वा आयोजनाहरु मध्ये केही छानिएका कार्यक्रम तथा आयोजनाहरुको आ.व. २०७१।७२ देखि स्वयं आयोगवाट समेत आन्तरिक मूल्याङ्कन गर्न शुरु गरिएको छ । आ.व. २०७३/७४ मा आन्तरिक मूल्याङ्कन गर्न छनौट भएका आयोजना वा कार्यक्रम मध्ये सामुदायिक सूचना केन्द्र तथा हुलाक सूचना केन्द्र (टेलिसेन्टर) पनि एक हो । सामुदायिक सूचना केन्द्र तथा हुलाक सूचना केन्द्र क्रमशः सूचना तथा सञ्चार मन्त्रालय र हुलाक सेवा विभाग अन्तर्गत सञ्चालित कार्यक्रम हो । सुरुमा आ.व. ०६४/६५ मा हुलाक सेवा विभाग मार्फत हुसूकेहरु कार्यान्वयनमा आएको र पछि आ.व. ०७०/७१ बाट सूचना तथा सञ्चार मन्त्रालय मार्फत सामुदायिक सूचना केन्द्रहरु कार्यान्वयनमा आएको हो । सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण र पिछडिएका समुदायको पहूँच पुर्‍याउने र सूचना प्रविधिमा भएको Digital Divide लाई कम गर्ने उद्देश्यले सञ्चालन भएको हो । कार्यक्रमले अपेक्षित उपलब्धी हासिल गर्न सके, नसकेको सन्दर्भमा तथ्यमा आधारित सूचना प्राप्त गर्ने उद्देश्यले यसको मूल्याकंन हुनु अपरिहार्य देखिएको छ।

१.२ मूल्यांकनको उद्देश्यः

यो कार्यक्रमको मूल्यांकनको उद्देश्य देहाय वमोजिम रहेको छ ।

१.२.१ सूचना केन्द्रको स्थापनाको उद्देश्य अनुसार सूचना केन्द्र सञ्चालन भए नभएको हेर्ने ।

१.२.२ सूचना केन्द्र स्थापना गर्दा कुन कुन कुराहरुलाई आधार लिइएको थियो हेर्ने ।

१.२.३ सूचना केन्द्र सञ्चालनको क्रममा देखिएका समस्याहरुको विश्लेषण गर्दै कार्यान्वयनका लागि सुझाव प्रस्तुत गर्ने ।

१.३ मूल्याकंनको क्षेत्रः

यो कार्यक्रमको मूल्यांकनको लागि कार्यक्रमको कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारीता, कार्यदक्षता, प्रभाव र दिगोपना गरी ६ भागमा स्तरीकरण गरी अध्ययन गरिएको थियो।

१.३.१ कार्यसम्पादन

कार्यक्रमको कार्यसम्पादनको मूल्याकंन निम्न सूचकहरुको आधारमा गरिएको छ ।

- कार्यक्रममा विनियोजित बजेट, मानवीय संशाधन तथा उपकरण लगायतका साधन तथा श्रोतहरु योजना अनुसार प्रयोग भएका छन्, छैनन् ?
- कार्यक्रमका लक्ष्य अनुसार उपलब्धीहरु हासिल भए, भएनन् ? नभए त्यसका कारणहरु केके छन् ?
- कार्यक्रमका उपलब्धीहरु योजना अनुसार भएका छन्, छैनन् ?

१.३.२ सान्दर्भिकताः

- केन्द्रबाट कार्यक्रमको संचालन राष्ट्रिय नीति र प्राथमिकतासंग तादम्यता हुनेगरी भएको छ, छैन?
- कार्यक्रम स्थानीय जनताको माग अनुसार संचालन भएको हो, होइन ?
- कार्यक्रमले समेटिएको भौगोलिक क्षेत्र र जनसंख्याको आकार उपयुक्त छ, छैन ?

कार्यक्रमको सान्दर्भिकताको स्तरीकरण अतिसान्दर्भिक(क), सान्दर्भिक(ख), मध्यम(ग) कम सान्दर्भिक(घ) र, सान्दर्भिक नभएको (ङ) भन्ने आधारमा हेरिएको छ ।

१.३.३ प्रभावकारिता

- यस कार्यक्रमले लिएका लक्ष्य तथा उद्देश्यहरु हाँसिल भए भएनन् ? सूचना तथा सञ्चार प्रविधिमा सबैको पहूँच स्थापित गरी डिजिटल डिभाइडलाई कम गर्ने विषयमा परिमाणात्मक उपलब्धी के भए ?
- कार्यक्रमले लक्ष्य अनुसारका सेवा प्रदान गर्न सकेको छ, छैन ? नसकेको भए त्यसका कारणहरु के के छन् ?
- कार्यक्रमको प्रभावकारी संचालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्वहरु के के छन् ?

कार्यक्रमको प्रभावकारिताको स्तरीकरण अति प्रभावकारिता(क), प्रभावकारिता(ख), मध्यम(ग) सामान्य प्रभावकारिता(घ) र प्रभावकारिता नभएको(ङ) भन्ने आधारमा हेरिएको छ ।

१.३.४ कार्यदक्षताः

- विभिन्न मोडिलिटीमा सञ्चालित सामुदायिक सूचना केन्द्रको संचालनको प्रति एकाइ लागत के कति छ ? उस्तै प्रकृतिको भौगोलिक क्षेत्रमा प्रति इकाइ लागत फरक भएको भए त्यसका कारणहरु के होलान् ?
- कार्यक्रमको श्रोत विनियोजन आवश्यकता अनुसार हुन सकेको छ, छैन?
- विनियोजित बजेटको खर्चको कार्यकुशलता कस्तो छ ?

कार्यक्रमको कार्यदक्षताको स्तरीकरण अति कार्यदक्षतापूर्ण(क), कार्यदक्षतापूर्ण(ख), मध्यम(ग), कम कार्यदक्षतापूर्ण(घ) र कार्यदक्षता नभएको(ङ) भन्ने आधारमा हेरिएको छ ।

१.३.५ प्रभाव

- सूचना र प्रविधिमा स्थानीय जनताको पहूँच कस्तो रहेको छ ?
- कार्यक्रमबाट लक्षित वर्ग (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु लगायतका) लाई समेट्न सकेको छ, छैन ?
- कार्यक्रमबाट लाभग्राही वर्गका लागि रोजगारी, स्वरोजगारी तथा आय आर्जनमा के कस्तो सकारात्मक प्रभाव परेको वा पर्ने देखिएको छ ?

कार्यक्रमको प्रभावको स्तरीकरण अति धेरै प्रभाव पर्ने भएको(क), प्रभावपूर्ण रहेको(ख), मध्यम(ग), कम प्रभाव पर्ने देखिएको(घ), र कुनै पनि प्रभाव नभएको(ङ), भन्ने आधारमा हेरिएको छ ।

१.३.६ दिगोपना

- सामुदायिक सूचना केन्द्रबाट प्रदान गरिने सेवाको दिगोपना कस्तो छ ?
- सामुदायिक सूचना केन्द्र सञ्चालन गर्न आर्थिक श्रोत प्राप्तिको दिगोपना कस्तो छ ?
- कार्यक्रमको संचालन गर्ने प्राविधिक क्षमता(मानब श्रोत र ज्ञान तथा तालिम प्राप्त) को दिगोपना कस्तो छ?

कार्यक्रमको दिगोपनाको स्तरीकरण अति दिगोपना भएको(क), दिगोपना भएको(ख), मध्यम(ग), कम दिगोपना भएको(घ), र दिगोपना नभएको(ङ), भन्ने आधारमा हेरिएको छ ।

१.४ मूल्यांकन विधि

कार्यक्रमको मूल्यांकनको लागि प्राथमिक र द्वितीय दुवै माध्यमबाट तथ्याङ्क तथा सूचना संकलन गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । प्राथमिक माध्यमबाट सूचना संकलनको लागि कार्यक्रमको स्थलगत अध्ययन, लक्षित समूह छलफल, जानिफकारसंग अन्तर्वार्ता आदि विधिहरु अपनाइएको थियो भने द्वितीय तथ्याङ्क संकलनको लागि कार्यक्रमसंग सम्बन्धित हुलाक सेवा विभाग र सूचना तथा सञ्चार मन्त्रालयबाट प्राप्त दस्तावेजहरु, चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ - २०७५/७६), आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्य आदि दस्तावेजहरु अध्ययन गरिएको थियो । संकलित तथ्याङ्कलाई त्रिभुजीकरण गरी विश्लेषण गरिएको छ । मूल्यांकनका लागि देहायको विधि अपनाइएको छ।

१.४.१ प्राथमिक तथ्याङ्क संकलन विधि

प्राथमिक तथ्याङ्क संकलनको लागि निम्नानुसारको विधि अपनाइएको छ ।

क) प्रत्यक्ष स्थलगत अध्ययन विधि

यो कार्यक्रको मूल्यांकनको लागि विभिन्न १० जिल्लाका २९ वटा हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्रहरुको मूल्यांकन टोलीले स्थलगत अध्ययन गरेको थियो । स्थलगत अध्ययनको क्रममा हुसूके तथा सासूकेहरु अवस्थित रहेको भौगोलिक बनावट, केन्द्रको भवन, विद्युतको उपलब्धता, केन्द्रमा प्रयोग भएका उपकरणहरुको अवस्था आदिको स्थलगत अध्ययन गरिएको थियो ।

ख) लक्षित समूह छलफल

कार्यक्रमको मूल्यांकनको लागि कार्यक्रमको लक्षित वर्गसंगको छलफललाई माध्यम बनाइएको थियो । यस्तो लक्षित समूह छलफल छानिएका जिल्लाका हुसूके र सासूके गरी जम्मा २९ वटा सूचना केन्द्रहरुमा सम्पन्न गरिएको थियो । छलफलमा विशेषगरी कार्यक्रमबाट प्रभावित लक्षित वर्ग जस्तैः विद्यालयका विद्यार्थी, स्थानीय जनता, केन्द्रमा प्रशिक्षण दिने कम्प्युटर सहायक (अपरेटर), केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थाहरु (विद्यालय, सहकारी संस्था, युवा क्लब) आदिका पदाधिकारीहरु, स्थानीय राजनीतिक दलका

प्रतिनिधि, स्थानीय पत्रकार आदिको सहभागिता रहेको थियो । छलफलका क्रममा सूचना केन्द्रबाट प्रदान गरिने सेवा, सेवाको गुणस्तर, सेवाग्राहीको वर्ग, सेवाग्राहीको सन्तुष्टी, सूचना केन्द्र सञ्चालनको क्रममा देखिएका समस्याहरु, सूचना केन्द्रलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि के गर्नुपर्ला भन्ने सवालहरु उठेका थिए ।

ग) मुख्य सूचनादातासंगको अन्तर्वार्ताः मूल्यांकनको लागि कार्यक्रमसंग सम्बन्धित केही मुख्य व्यक्तिहरु हुलाक कार्यालयका प्रमुख, सूचना केन्द्रमा कम्प्युटर प्रशिक्षण दिने अपरेटर, केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थाको पदाधिकारी, हुसूके सञ्चालनमा ल्याउने हुलाक सेवा विभागका प्रतिनिधि र सामुदायिक सूचना केन्द्र सञ्चालन गर्ने सूचना तथा सञ्चार मन्त्रालयको सम्बन्धित कार्ग्रक्रम हेर्ने महाशाखा प्रमुख समेत गरी जम्मा २५ जनासंग अन्तर्वार्ता लिइ सूचना संकलन गरिएको थियो ।

१.४.२ द्वितीय तथ्याङ्क संकलन विधि

मूल्याकंनका लागि द्वितीय सूचना संकलन विधि मार्फत सूचना तथा सञ्चार मन्त्रालय र हुलाक सेवा विभागबाट प्राप्त कार्यक्रमसंग सम्बन्धित विभिन्न दस्तावेजहरु अध्ययन गरिएको थियो । साथै, सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित विभिन्न राष्ट्रिय नीतिहरु जस्तैः आमसञ्चार नीति २०७१, ब्रोडव्याण्ड नीति २०७१, सूचना तथा सञ्चार प्रविधि नीति २०७२, चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ — २०७५/७६), आर्थिक वर्ष २०७४/७५ को बजेट बक्तव्य आदि दस्तावेजहरु आदि अध्ययन गरिएको थियो ।

१.५ सूचनाको त्रिभूजीकरण र विश्लेषण

कार्यक्रमको सञ्चालन भएका जिल्लाहरुमध्ये अध्ययनको लागि छानिएको जिल्लाका विभिन्न सूचना केन्द्रहरुबाट प्राप्त परिमाणात्मक तथा गुणात्मक सूचनालाई त्रिभूजीकरणको माध्यमबाट विश्लेषण गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई त्रिभूजीकरण गर्दा लक्षित समूह छलफल, मूख्य सूचनादातासंगको अन्तर्वार्ता, प्रत्यक्ष स्थलगत अध्ययन, कार्यक्रमसंग सम्बन्धित दस्तावेजहरु र अन्य सम्बन्धित कागजातहरुको अध्ययन आदिबाट प्राप्त तथ्याङ्कहरुलाई एक आपसमा तुलना गरी नतिजा निकालिएको छ ।

१.६ मूल्यांकनकर्ताको विवरण

यो आन्तरिक मूल्यांकन राष्ट्रिय योजना आयोगको सचिवालयको अनुगमन तथा मूल्यांकन महाशाखाको नेतृत्वमा सचिवालय र सम्बन्धित मन्त्रालयका कर्मचारी गरी ४० जना अधिकृतस्तरका कर्मचारीहरुका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगमा राष्ट्रिय योजना आयोगमा सञ्चालित SNPMC आयोजनाको सहयोगमा आयोगको सचिवालयले २०७३ मंसीर १५ देखि १७ सम्म ३ दिने आन्तरिक मूल्यांकन तालिम प्रदान गरेको थियो । त्यस्तै, आन्तरिक मूल्यांकन तालिम पश्चात कार्यक्रम तथा आयोजना अनुसार विभिन्न समूह विभाजन गरी मूल्यांकनको लागि फिल्डमा खटाइएको थियो । फिल्डबाट सूचना संकलन गरिसकेपछि प्रतिवेदन लेखनको लागि पुन उक्त आयोजनाको सहयोगमा सचिवालयले मिति २०७४ जेठ ३० र ३१ गते

दुई दिने प्रतिवेदन लेखनसम्बन्धी तालिम उपलब्ध गराएको थियो । तालिममा संकलित तथ्याङ्कलाई प्रशोधन तथा विश्लेषण गर्ने र प्रतिवेदन लेखन कार्यको अभ्यास गराइएको थियो । यो कार्यक्रमको मूल्यांकन टोलीको विवरण अनुसूचि — ६ मा उल्लेख गरिएको छ ।

१.७ मूल्यांकनका लागि छनौट गरिएका जिल्ला र सर्भे गरिएका संस्थाहरुको विवरण

हुलाक सेवा विभगा अन्तर्गतका ४०१ वटा हुसूके र सूचना तथा सञ्चार मन्त्रालय अन्गर्गतका १२६ वटा सासूकेहरु गरी कुल ५२७ वटा सूचना केन्द्रहरु देशभर सञ्चालनमा रहेका छन् । सासूकेहरु कुनै सामुदायिक विद्यालय मार्फत् कुनै सहकारीमार्फत र कुनै हुलाक कार्यालयहरु मार्फत सञ्चालनमा आएको हुनाले सबै संस्थाहरु मार्फत सञ्चालित सूचना केन्द्रहरु पर्ने गरी विभिन्न जिल्लाबाट केही सूचना केन्द्रहरु छनौट गरिएको थियो । मूल्यांकनका लागि छनौट गरिएका जिल्ला र केन्द्र सञ्चालन गर्ने संस्थाको विवरण देहाय वमोजिम रहेको छ ।

क. सं.	जिल्ला	हुसूके	सामुदायिक सूचना केन्द्र			जम्मा
			SDF	SASEC	नेपाल सरकार	
१.	ताप्लेजुङ	१				१
२.	पाँचथर	२	१			३
३.	इलाम		१			१
४.	सोलुखुम्वु	१				१
५.	खोटाङ	३		१		४
६.	ओखलढुङ्गा	१				१
७.	रामेछाप	३	२			५
८.	सिन्धुली	२	२	१		५
९.	डडेल्धुरा	३	१			४
१०.	कैलाली	३			१	४
जम्मा		१९	७	२	१	२९

१.७ मूल्यांकनको सीमा

कार्यक्रमको मूल्यांकनको लागि केही सीमाहरु रहेका छन् जुन यसप्रकार रहेको छ ।

(१) यो कार्यक्रम ७५ वटै जिल्लामा सञ्चालनमा रहेकोले हिमाली, पहाडी र तराईका केही जिल्लाहरुको नमूना छनौट गरिए तापनि समय अभाव र प्रतिकूल मौसमका कारणले हिमाली जिल्ला (डोल्पा) जिल्ला लाई मूल्यांकनमा समेट्न नसकेको ।

(२) विभागबाट तथा मन्त्रालय कार्यक्रमसंग सम्बन्धित आधिकारिक दस्तावेजहरु र माग गरे अनुसारको सबै विवरण उपलब्ध गराउन नसकेको ।

(३) सीमित समयमा मूल्यांकन कार्य सम्पन्न गरिएको छ ।

परिच्छेद – दुई: कार्यक्रमको परिचय

२.१ कार्यक्रमको पृष्ठभूमि

इन्टरनेटका साथै टेलिफोन सेवा लगायतका सूचना तथा प्रविधिजन्य सेवाहरु स्थानीयस्तरमा प्रदान गरी सहरी र ग्रामीण क्षेत्र वीचको Digital Divide लाई कम गर्ने उद्देश्यले यो कार्यक्रम सूचना तथा सञ्चार मन्त्रालय र हुलाक सेवा विभाग मार्फत सञ्चालनमा आएको हो । शुरुमा आ.व. ०६४/६५ मा यो कार्यक्रम हुलाक सेवा विभागले हुलाक सूचना केन्द्र (टेलिसेन्टर) को नाममा र पछि आ.व. २०७०/७१ मा सूचना तथा सञ्चार मन्त्रालयले सामुदायिक सूचना केन्द्रको नाममा सञ्चालनमा ल्याएको छ । सूचना र प्रविधिमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने, सूचना प्रविधिको प्रयोगलाई सहजीकरण गर्ने, स्थानीय नागरिकलाई शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य सेवासम्बन्धी विषयमा सूचना उपलब्ध हुने अपेक्षा सहित यो कार्यक्रमको अवधारणा अगाडि सारिएको हो ।

२.२ कार्यक्रमको परिचय

हुलाक टेलिसेन्टर

सूचना र प्रविधिको सहज प्रयोग उपलब्ध नभएको सार्वजनिक क्षेत्रहरुमा आम नागरिकको सूचना प्रविधिमा पहूँच बढाउने उद्देश्यले सूचना केन्द्रहरु स्थापना गरिएको हुन्छ । यस्ता सूचना केन्द्रबाट सूचना तथा प्रविधिजन्य सेवाहरु जस्तैः इमेल-इन्टरनेट, फोटोकपी, फ्याक्स, टेलिफोन कम्प्युटर सम्बन्धी आधारभूत तालिम आदि सेवाहरु प्रदान गरिन्छ । सूचना प्रविधिमा पहूँच स्थापना गर्ने हेतुले हुलाक सेवा विभाग मार्फत क्षेत्रीय हुलाक कार्यालय, जिल्ला हुलाक, इलाका हुलाक र अतिरिक्त हुलाक कार्यालयहरुमा ४०१ वटा सूचना केन्द्रहरु स्थापना भए जसलाई हुलाक सूचना केन्द्र (हुसूके) नाम दिइएको छ । आ.व. २०६४/६५ देखि आ.व. २०६७/६८ सम्म ७३ जिल्ला (काठमाडौमा र भक्तपुरमा नभएको) मा "हुसूके" कार्यान्वयनमा आएको हो ।

सामूदायिक सूचना केन्द्र

सूचना र प्रविधिमा आम जनताको पहूँच सुनिश्चित गर्न सञ्चालनको जिम्मा स्थानीय समुदायलाई नै दिएर सञ्चालन गर्ने उद्देश्यले स्थापित संयन्त्र सामुदायिक सूचना केन्द्र हो । यो कार्यक्रम सार्वजनिक निजी साझेदारीको अवधारणामा सूचना तथा सञ्चार मन्त्रालयन अन्तर्गत समुदायलाई सञ्चालनको जिम्मा दिइएको छ। आ.व. २०७०/७१ मा सार्क विकास कोषको अनुदान सहयोगमा Empowering Rural Communities "Reaching the Unreached" परियोजना अन्तर्गत ५२ जिल्लाको ८१ वटा सामुदायिक सूचना केन्द्र स्थापना भएका छन् जसमध्ये ५ स्थानमा भवन सहित निर्माण गरेर सञ्चालनमा ल्याइएको छ । त्यस्तै, आ.व. २०७०/७१ मा एशियाली विकास वैंकको ७० प्रतिशत अनुदान र नेपाल सरकारको ३० प्रतिशत लगानीमा South Asian Sub-Regional Economic Cooperation (SASEC) - Information Highway परियोजना अन्तर्गत Regional Cross-Border Connectivity को लागि १७० कि.मि. अप्टिकल फाइवरमा ग्रामीण

संजालको रुपमा ३० वटा सामुदायिक इ-सेन्टरहरु स्थापना भएका छन् जसलाई सामुदायिक सूचना केन्द्र नाम दिइएको छ । आ.व.२०७२/७३ मा सूचना तथा सञ्चार मन्त्रालयले १५ जिल्लाका १५ वटा सामुदायिक विद्यालयहरुमा सामुदायिक सूचना केन्द्रहरु स्थापना गरेको छ । माथिका सबै सूचना केन्द्रहरु सार्वजनिक निजी साझेदारी मोडेलमा सामुदायिक विद्यालय, कृषि सहकारी संस्थाहरु, युवाक्लवहरु आदिलाई सञ्चालनको जिम्मा दिइएको छ । हुसूके तथा सासूकेहरुको विस्तृत विवरण अनुसूचि — १ मा उल्लेख छ ।

तालिका नं. १: हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्रहरुको समष्टिगत विवरण

स्थापना गर्ने निकाय	सञ्चालन गर्ने निकाय	संख्या	प्रतिशतमा
सामुदायिक सूचना केन्द्र			
SDF परियोजना	सहकारी संस्थाहरु/क्लबहरु	८१	१४
ADB र नेपाल सरकारको SASEC परियोजना	विद्यालय, गाविस	३०	१०
सूचना तथा सञ्चार मन्त्रालय	सामुदायिक विद्यालयहरु	१५	५
हुलाक सूचना केन्द्र			
हुलाक सेवा विभाग	क्षे.हु.का. १ जि.हु.का. ३५ इ.हु.का. ३६३ अ.हु.का. २	४०१	७१
जम्मा		५२७	१००

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय/हुलाक सेवा विभाग

चार्ट नं. १: सामुदायिक सूचना केन्द्र तथा हुसूकेहरु स्थापना भएको वर्ष



स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

सासूके र हुसूकेलाई एउटै रेखाचित्रमा राखेर हेर्दा शुरु आ.व. ०६४/६५ मा स्थापना भएपछि संख्यात्मक रुपमा आ.व. ०६७/६८ सम्म बढ्दै गएको त्यसपछि क्रमशः घट्दै गएको देखिन्छ । सूचना केन्द्रको मेशिनरी उपकरणहरु बिग्रिदैं गएको तथा हुसूके सहायकहरुको कार्यदक्षताको अभाव आदि कारणहरुले स्थापना गरिएका हुसूकेहरु राम्रोसंग सञ्चालनमा आउन नसकेकोले भएका उपकरणलाई मर्मत संभार गरी सञ्चालनमा ल्याउने र सूचना केन्द्रले प्रदान गर्ने सेवाको प्रभाव मूल्यांकन गरेर मात्रै नयाँ सूचना केन्द्रहरु स्थापना गर्ने निष्कर्षमा पुगेकोले आ.व. ०६७/६८ पश्चात हुलाक हुसूकेहरु स्थापना नगरिएको विभागले जानकारी दिएको छ ।त्यस्तै, मन्त्रालय अन्तर्गत सञ्चालित सासूकेहरुको अवस्था हेर्दा SDF को अनुदान सहयोगमा "Reaching the Unreached" परियोजना अन्तर्गत आ.व. ०७०/७१ मा ८१ वटा, ADB र नेपाल सरकारको SASEC परियोजना अन्तर्गत सोही आ.व. मा ३० वटा सूचना केन्द्रहरु स्थापना भएका छन् भने आ.व. ०७२/७३ मा सूचना तथा सञ्चार मन्त्रालयले १५ वटा सासूकेहरु स्थापना गरेको छ । SDF र SASEC अन्तर्गत स्थापना भएको केन्द्रको मेशिनरी उपकरणहरुको भेरिफिकेशनको काम मन्त्रालयले आ.व. २०७३/७४ को अन्त्य सम्ममा सकेको र दुवै आयोजनाको त्यसपश्चात Termination भएकोले सूचना केन्द्रहरु पछिल्ला आर्थिक वर्षहरुमा घट्दै आएको देखिन्छ ।

हुलाक हुसूके तथा सामुदायिक सूचना केन्द्रहरुको भौगोलिक अवस्थिति नेपालको नक्सामा



स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

नेपालको नक्सामा सासूके तथा हुसूकेहरुको भौगोलिक अवस्था विश्लेषण गर्दा हिमाली, पहाडी र तराईका धेरै जिल्लाहरुमा सूचना केन्द्रहरु फैलिएका देखिन्छन् । पूर्वमा ताप्लेजुङ देखि पश्चिममा दार्चुलासम्म र झापा देखि

कञ्चनपुरसम्मका जिल्लामा सूचना केन्द्रहरु स्थापना भएको देखिन्छ । यद्यपि, जुन जिल्लामा जति संख्यामा सूचना केन्द्रहरु स्थापनाको आवश्यकता रहेको थियो ति ठाउँहरुमा त्यस अनुपातमा स्थापना हुन नसकेको माथिको नक्साले प्रष्टयाएको छ । नक्सामा हिमाली जिल्लामा पनि अलि सुगम मानिएका जिल्लाहरुमा बढी संख्यामा र दुर्गम मानिएका जिल्लाहरुमा कम संख्यामा र कतै दुर्गम मानिएका जिल्लामा पनि बढी संख्यामा केन्द्रहरु स्थापना भएका छन् । पहाडी र तराईका जिल्लाहरुमा पनि त्यस्तै अनुपातमा सूचना केन्द्रहरु स्थापना भएको पाइन्छ। उदाहरणका लागि डोल्पामा ९ वटा र मुगुमा २ वटा, मनाङमा १ वटा र मुस्ताङमा ६ वटा, इलाममा १० वटा बाग्लुङमा १४ वटा, सुनसरीमा १३ वटा बर्दियामा १० वटा सूचना केन्द्रहरु छन्। यसो हुनुमा भौगोलिक विकटता, वातावरण, जनशक्तिको अभाव र राजनीतिक दलका स्वार्थ समेतका कारणहरु रहेको देखिएको छ ।

२.३ कार्यक्रमको उद्देश्य

सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण जनताको सहज पहूँच स्थापित गर्दै Digital Divide लाई कम गर्ने ।

२.४ कार्यक्रमको कार्यक्षेत्र

यो कार्यक्रम ७५ जिल्लामा कार्यान्वयनमा आएको छ । काठमाडौं र भक्तपुरमा बाहेक ७३ जिल्लामा ४०१ हुलाक सूचना केन्द्र र यी दुई जिल्ला समेतमा गरी १२६ सामुदायिक सूचना केन्द्र गरी कुल ५२७ वटा सूचना केन्द्रहरु नेपालका सबै स्थापना भई कार्यान्वयनमा आएको छ । विशेष गरी सूचना र प्रविधिको पहूँच कम रहेका जिल्लाका ग्रामीण क्षेत्र नै यो कार्यक्रमको कार्यक्षेत्रको रुपमा रहेको छ । त्यस्तै, स्थानीय ग्रामीण जनता, विद्यालयका विद्यार्थी र सूचना तथा सञ्चार प्रविधिमा पहूँच नपुगेका परिवार नै यो कार्यक्रमको लक्षित वर्ग हुन् ।

२.५ कार्यक्रमको अपेक्षित उपलब्धी

यस कार्यक्रम कार्यान्वयन आएपछि कार्यक्रमबाट देहायको उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ ।

२.५.१ ग्रामीण क्षेत्रका जनतामा सूचना र प्रविधिमा पहूँच पुगेको हुने ।

२.५.२ ग्रामीण र शहरी क्षेत्रका जनता वीचको digital divide कम भई ग्रामीण जनताको चेनताको स्तर वृद्धि भएको हुने ।

२.५.३ स्थानीय स्तरमा रोजगारी सिर्जना भएको हुने ।

२.६ कार्यक्रमको मुख्य मुख्य क्रियाकलापहरु

यस कार्यक्रमको क्रियाकलापहरु सूचना, सञ्चार तथा प्रविधिमा आधारित (ICT Based) इन्टरनेट सेवा, प्रिन्टिङ, फोटोकपि, टेलिफोन, फ्याक्स, लेमिनेशन आदि सेवा, सफ्टवेयर तालिम, तीन महिने आधारभूत कम्प्युटर तालिम, कृषि, शिक्षा तथा स्वास्थ्य सम्बन्धी सूचना तथा सञ्चार सम्प्रेषण आदि रहेका छन् । र तालिम सकेपछि प्रशिक्षार्थीलाई प्रमाणपत्र समेत प्रदान गर्ने गरेको छ ।

परिच्छेद — तीनः मूल्यांकनबाट देखिएका विषयवस्तु

३.१ हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्रहरुको स्थिति विश्लेषण

३.१.१ सूचना केन्द्रको भवन

इलाका हुलाक कार्यालय मार्फत सञ्चालनमा रहेको हुलाक सूचना केन्द्रको लागि प्रायजसो ठाउँमा भवन असुविधा रहेको पाइएको छ । कतिपय ठाउँमा हुलाकको आफ्नै भवन नरहेको र घर भाडामा लिई हुलाक कार्यालय स्थापना गरेको ठाउँमा हुसूकेको लागि एउटा कोठा मात्र रहेको पाइएको छ । उदाहरणका लागि इलाका हुलाक कार्यालय, गैह्रा, डडेल्धुरामा सञ्चालित सूचना केन्द्रलाई लिन सकिन्छ, जहाँ एउटा साँघुरो कोठामा दुईवटा कम्प्युटर, एउटा फ्याक्स मेशिन, प्रिन्टर र अन्य उपकरणहरु समेत राखिएको थियो । र, कम्प्युटर तालिम पनि सोही कोठामा दिने गरेको पाइयो ।

इलाका हुलाक कार्यालय, गैह्रा, डडेल्धुरा केन्द्रको भाडाको भवन र सोमा सञ्चालित हुसूके

सासूकेहरुको हकमा भने तुलनात्मक रुपमा अलि फराकिलो र पर्याप्त कोठामा सूचना केन्द्रहरु सञ्चालन भएको पाइएको छ । विद्यालय, सहकारी संस्था तथा युवा क्लवहरु आदिको भवनमा कोठाको अपर्याप्तता खासै नरहने भएकोले पनि सासूकेको लागि भवनको समस्या नरहेको पाइएको छ ।

३.१.२ मेशिनरी उपकरण

हुलाक सूचना केन्द्रमा रहेको मेशिनरी उपकरणहरु मध्ये केही उपकरणहरु विग्रिएर सञ्चालनमा नआएको पाइएको छ । शुरुमा स्थापना हुँदा हुलाक सेवा विभागले मेशिनरी उपकरणहरु खरिद गरी हुसूकेमा

पठाइएको र त्यसपछि विभाग र जिल्ला स्थित जिल्ला हुलाक कार्यालयहरुले समन्वय गर्न नसकेको देखिएकोले लामो समयसम्म त्यस्ता उपकरणहरु विग्रिएको अवस्थामा रहेको पाइएको । मर्मत संभारको लागि हुलाक सेवा विभागले साइपाल टेक्नोलोजि प्रा.लि.संग वार्षिक रु.९४ लाख रकम दिने गरी सेवा खरिद सम्झौता गरे तापनि मर्मत संभारको लागि नआएको गुनासो प्राप्त भएको छ । कतिपय ठाउँमा मेशिनरी उपकरणहरु विग्रिएर सञ्चालनमा आउन नसकेकाले त्यस्ता उपकरणहरु स्थलगत अध्ययनमा जाँदा छोपेर राखेको अवस्थामा भेटिएको थियो । र, सूचना केन्द्रले कुनै पनि प्रकारको सेवा प्रदान गरेको पाइएको थिएन।

इहुका रुम्जाटार, ओखलढुङ्गाको हुसूकेमा उपकरण विग्रिए पश्चात सञ्चालनमा आउन नसकेपछि छोपेर राखिएको।

मूल्यांकन टोली स्थलगत अध्ययनमा जाँदा खोटाङ्ग जिल्लाको सगरमाथा तरुण जनजागृति युवा क्लव, खार्पामा सञ्चालित सूचना केन्द्रको कुनैपनि उपकरण चालु अवस्थामा नरहेको, पाँचथर जिल्लाको दिपशिखा सहकारी संस्था, च्याङथापुमा रहेको सूचना केन्द्रको सबै कम्प्युटहरु, फ्याक्स तथा फोटोकपि चालु अवस्थामा भए पनि अपरेटर नहूँदा सञ्चालनमा आउन नसकेको, रामेछाप जिल्लाको हुलाक कार्यालय, भिमान केन्द्रमा फोटोकपि, फ्याक्स सेवा उपलब्ध हुन नसकेको पाइएको छ ।

स्थलगत अध्ययनको क्रममा देहायका केन्द्रहरुको अवस्था देहाय वमोजिम रहेको छ ।

सि.नं.	जिल्ला	केन्द्र सञ्चालन गर्ने निकाय	उपकरण चालू अवस्थामा रहेको नरहेको
१.	डडेल्धुरा	कोला समौजी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था	UPS, सर्भर कम्प्युटर
२.	,,	इहुका, अजयमेरु केन्द्र	फोटोकपि मेशिन, कम्प्युटर -१
३.	,,	जिहुका, डडेल्धुरा केन्द्र	कम्प्युटर -१, फोटोकपि मेशिन
४.	,,	इहुका, गैरा केन्द्र	कम्प्युटर -१
५.	,,	इहुका, लम्की केन्द्र	फोटोकपि मेशिन, कम्प्युटर -१
६.	,,	इहुका, अत्तरिया केन्द्र	फोटोकपि मेशिन, कम्प्युटर -१
७.	,,	इहुका, पहलमानपुर केन्द्र	फोटोकपि मेशिन, कम्प्युटर -१
८ .	सोलखुम्बु	जिहुका सोलुखुम्बु	कम्प्युटर -१
९.	ओखलढुङ्गा	इहुका रुम्जाटार केन्द्र	कम्प्युटर -१
१०.	खोटाङ	इहुका बुँइपा	कम्प्युटर -१
११.	,,	जिहुका खोटाङ्ग	कम्प्युटर -२
१२.	,,	सगरमाथा तरुण जनजागृत युवा क्लब, खार्पा	
१३.		इहुका, खिम्ति	फोटोकपि मेशिन, कम्प्युटर -१
१४.		जिहुका, पाँचथर	फोटोकपि मेशिन
१५.		इहुका, यासोक पाँचथर	फ्याक्स र प्रिन्टर
१६.	पाँचथर	दिपशिखा सहकारी संस्था, च्याङ्थापु,	

३.१.३ आधारभूत कम्प्युटर तालिम लिने विद्यार्थी र प्रशिक्षक

हुलाक सूचना केन्द्र अन्तर्गत ४०१ वटै केन्द्रमा एक जनाका दरले सेवा करारमा मासिक रु. १००००।- (दश हजार) तलब भुक्तानी गर्ने गरी ४०१ जना सहायक कम्प्युटर अपरेटर नियुक्त गरिएको छ । हुसूकेको स्थलगत अध्ययनको क्रममा कतिपय ठाउँमा अपरेटर अनुपस्थित रहेको भेटिएको छ । उदाहरणका लागि इलाका कार्यालय, यासोक, पाँचथर र नमुना दिप युवा क्लव, सैवु, सिन्धुलीमा रहेको सूचना केन्द्रलाई लिन सकिन्छ । त्यस्तै, सरोकारवालाहरुसंगको अन्तरक्रियामा पनि अपरेटर प्राय नबस्ने गरेको गुनासो प्राप्त भएको छ । सामुदायिक सूचना केन्द्रहरुमा भने स्थलगत अध्ययन गरिएका सबै केन्द्रहरुमा कम्प्युटर सहायकसंग भेट भएको थियो । कुनै केन्द्रमा २ जना, कुनै केन्द्रमा ४ जना, कुनै केन्द्रमा १२ जनासम्म कम्प्युटर तालिम लिएका विद्यार्थीहरु पाइएको छ । औसतमा प्रति सूचना केन्द्रमा ६ जना विद्यार्थीहरुले कम्प्युटर सम्बन्धी आधारभूत तालिम लिने गरेको पाइयो । कतिपय केन्द्रमा कम्प्युटर तालिम नै सञ्चालन नभएको पाइएको छ । जस्तो जिहुका डडेल्धुरा, इहुका गैरा, डडेलधुरामा हालसम्म तालिम सञ्चालन हुन सकेको

छैन। त्यस्तै, अपरेटरको सामान्य प्राविधिक सीप परीक्षण गर्दा कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान समेत पर्याप्त नभएको पाइएको छ ।

३.२ अनुगमन

यस कार्यक्रमको अनुगमन तथा मूल्यांकनको पाटो कमजोर रहेको छ । कार्यक्रम कार्यान्वयनमा आएको ९ वर्ष भइसक्दा पनि मन्त्रालय वा विभागबाट एक दुई पटक बाहेक सूचना केन्द्रहरुको अनुगमन भएको पाइएको छैन । विभाग तथा मन्त्रालयबाट अनुगमन नभएको भन्ने गुनासो प्रायः सबैजसो सूचना केन्द्रहरुबाट प्राप्त भएको छ । मूल्यांकनको क्रममा स्थलगत अध्ययनमा जाँदा अनुगमन, निरीक्षण पुस्तिका उपलब्ध गराउन नसकेको र मन्त्रालय तथा विभागसंग अनुगमन सम्बन्धीविवरण माग गर्दा उपलब्ध गराउन नसकेबाट सो कुराको पुष्टी हुन आउँछ ।

३.३ समन्वय

विभाग अन्तर्गत कार्यान्वयनमा आएको हुसूकेहरु र मन्त्रालय मार्फत कार्यान्वयनमा आएको सामुदायिक सूचना केन्द्र दुवैको नाम अलग भए पनि यी दुवैले प्रदान गर्ने सेवामा कुनै फरक नभएको कुरा माथि नै चर्चा भइसकेको छ । यी दुवैको सञ्चालन मोडालिटीमा मात्र भिन्नता रहे तापनि जुन रुपमा यो दुवैवीच समन्वय हुनु जरुरी थियो, त्यस अनुसार समन्वय हुन सकेको देखिंदैन । त्यसैगरी यस्तै प्रकृतिका ४५ वटा इ- भिलेज कार्यक्रम सूचना प्रविधि विभाग अन्तर्गत कार्यान्वयनमा आएको छ । यस्ता इ-भिलेजहरु सामुयादिक विद्यालय, पुस्तकालय र साविकको गाउँ विकास समिति मार्फत सञ्चालनमा ल्याएको हो । इ-भिलेज र सूचना केन्द्रले प्रदान गर्ने सेवामा समानता रहेकोले सूचना प्रविधि विभाग र हुलाक सेवा विभाग तथा मन्त्रालयवीच समन्वय हुनु पर्नेमा समन्वय नभएको पाइएको छ ।

३.४ क्षमता विकास तालिम सम्बन्धमा

यो कार्यक्रमबाट प्रदान गरिने सेवाहरु सूचना प्रविधिसंग सम्बन्धित रहेको छ । त्यसकारण यसको सेवा प्रभावकारी हुन कार्यक्रम कार्यान्वयन गर्ने प्राविधिक जनशक्ति दक्ष हुन आवश्यक हुन्छ । सूचना केन्द्र सञ्चालन गर्ने जिम्मा पाएको कम्प्युटर सहायक (अपरेटर) लाई बेलाबेलामा कम्प्युटर तालिम दिनुपर्नेमा धेरै जसो केन्द्रका कम्प्युटर सहायकहरुले तालिम नै नपाएको गुनासो गरेका थिए । जिल्ला हुलाक कार्यालय, ताप्लेजुङमा रहेको सूचना केन्द्रका अपरेटरले हालसम्म तालिम नपाएको बताउनु भयो । हालसम्म सूचना केन्द्रका १५० जना कम्प्युटर लाई कम्प्युटर तालिम दिइसकेको जानकारी विभागबाट प्राप्त विवरणमा उल्लेख छ ।

३.५ कार्यक्रमको आम्दानी र खर्च विवरण

४०१ वटा हुलाक सूचना केन्द्रहरु स्थापनाका लागि शुरुमा प्रति इकाई रु. १ लाखको दरले रु. ४,०१,००,०००।— लागत लागेको र त्यसपछि तलब र मर्मत संभार गरी आ.व. २०६७/६८ देखि वार्षिक रु.

रु.५,७५,२०,०००।— खर्च हुँदै आएको पाइएको छ । विभागका अनुसार हुसूकेको वार्षिक आम्दानी १८ लाख रहेको छ ।

सामुदायिक सूचना केन्द्रको हकमा शूरुमा SDF अन्तर्गत स्थापित सासूकेहरुको प्रति केन्द्र खर्च रु. ९ लाख ५० हजार गरी जम्मा खर्च ७ करोड ६९ लाख ५० हजार, SASEC अन्तर्गत प्रतिकेन्द्र रु. ५ लाख गरी रु. १ करोड ५० लाख र मन्त्रालयको प्रतिकेन्द्र रु. ७ लाख ५० हजार गरी ४२ लाख ५० हजार लागत लागेको पाइएको छ । सासूके स्थापनाका लागि जम्मा रु. ९ करोड ६२ लाख रहेको पाइएको छ ।

स्थापना समयदेखि हालसम्म अर्थात् आ.व. २०७३/७४ सम्मको सूचना केन्द्र सञ्चालनका लागि भएको समष्टीगत लगानी विवरणः

(रु.लाखमा)

सि.नं.	आ.व.	खर्च शिर्षक			जम्मा खर्च	जम्मा खर्च सासूके			कुल जम्मा खर्च
		केन्द्र स्थापना	तलब	मर्मत संभार	हुसूके	एसएफ.डि.	सासेक	मन्त्रालय	
१	०६४/६५	५८	२.६	९४	१५४.६	०	०	०	१५४.६
२	०६५/६६	५२	४.३	९४	१५०.३	०	०	०	१५०.३
३	०६६/६७	११९	१८.८	९४	२३१.८	०	०	०	२३१.८
४	०६७/६८	१७२	१८.८	९४	२८४.८	०	०	०	२८४.८
५	०६८/६९	०	१८.८	९४	११२.८	०	०	०	११२.८
६	०६९/७०	०	१८.८	९४	११२.८	०	०	०	११२.८
७	०७०/७१	०	४८१.२	९४	५७५.२	०	०	०	५७५.२
८	०७१/७२	०	४८१.२	१००	५८१.२	९५५	७४०६.२		२२७६.८
९	०७२/७३	०	४८१.२	१००	५८१.२	०	०	१०७८.३	६८९
१०	०७३/७४	०	४८१.२	१००	५८१.२	०	०	०	५८१.२
जम्मा		४०१०००००	२००६.९	९५८	३३६५.९	९५५	७४०६.२	१०७८.३	५१६९.३

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

३.६ गुणात्मक तथ्याङ्क विश्लेषण

गुणात्मक विधिबाट तथ्याङ्क संकलन गरी कार्यक्रमको मूल्यांकनको लागि कार्यक्रमसंग बढी जानकार व्यक्तिहरु र कार्यक्रमका केही लक्षित समूहहरुसंग अन्तर्वार्ता तथा छलफल कार्य सम्पन्न गरिएको थियो । जसबाट प्राप्त सूचना, तथ्याङ्क तथा जानकारी निम्नानुसार रहेको छ ।

३.६.१ मुख्य सूचनादातासंग लिइएको अन्तर्वार्ताबाट देखिएका विषयवस्तु

कार्यक्रमको मूल्यांकनको लागि कार्यक्रमसंग बढी जानकार व्यक्तिहरु जिल्लास्तरमा हुलाक कार्यालयका प्रमुख, सूचना केन्द्रमा कम्प्युटर प्रशिक्षण दिने कम्प्युटर सहायक (अपरेटर), केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थाको पदाधिकारी समेत गरी २३ जनासंग र केन्द्रीयस्तरमा सूचना तथा सञ्चार मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख र हुलाक सेवा विभागका हुसूके हेर्ने शाखा अधिकृतगरी २ जना समेत गरी जम्मा २५ जनासंग अन्तर्वार्ता लिइएको थियो । यी व्यक्तिहरुसंग गरिएको अन्तर्वार्ताबाट निम्न सवालहरु देखिएका छन्।

जिल्लास्तरबाट उठेका सवालहरु

क) आ.व. ०६४/६५ बाट जिल्ला हुलाक कार्यालय, इलाक हुलाक कार्यालय र अतिरिक्त हुलाक कार्यालय मार्फत हुसूकेहरु कार्यान्वयनमा आएको ।

ख) कार्यक्रमले सूचना र प्रविधिमा ग्रामीण जनताको पहुँच पुग्ने र जनताको चेतनाको स्तर वृद्धि भई सूचना प्रविधिसम्बन्धी ज्ञान समेत बढ्ने ।

ग) सूचना केन्द्रका कम्प्युटर सहायकलाई दिंदै आएको मासिक रु.१०,०००।— समय सापेक्ष कम भएको भन्ने गुनासो सूचना केन्द्रका कम्प्युटर अपेरटरबाट प्राप्त भएको छ ।

घ) सूचना केन्द्रमा कम्प्युटर तालिम लिन चाहने व्यक्तिहरुको संख्या धेरै भए तापनि कम्प्युटर संख्या कम भएको ।

ङ) सूचना केन्द्रले ३ महिने आधारभूत तालिम मात्र दिइरहेकाले Advanced Computer Training पनि समावेश गर्नुपर्ने ।

च) सूचना केन्द्र सञ्चालनको लागि बजेट पर्याप्त नरहेको, आम्दानीको तुलनामा खर्च बढि रहेको ।

छ) सूचना केन्द्र स्थापना गर्दा मादपण्डहरु नबनाई निर्माण गरिएको ।

ज) मन्त्रालय तथा विभागबाट सूचना केन्द्रको निरन्तर अनुमगन नसकेको ।

झ) इलाकास्तरमा सञ्चालित हुसूकेमा जिल्ला हुलाक कार्यालयबाट समन्वय नभएको, अनुगमन समेत गर्ने नगरेको ।

ञ) सूचना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय वमोजिम गर्नुपर्ने ।

- सूचना केन्द्रलाई पर्याप्त बजेट उपलब्ध गराउनु पर्ने ।
- मेशिनरी उपकरणको बेला बखत मर्मत संभारको लागि सम्बन्धित केन्द्रमा नै बजेट व्यवस्था गर्नुपर्ने।
- आवश्यकता अनुसार कम्प्युटरको संख्या बढाउनु पर्ने भएकोले कम्प्युटर, प्रिन्टर लगायतका मेशिनरी सामानहरु खरिद गर्न जिल्लास्तरमै बजेट पठाउनु पर्ने ।
- विभाग र मन्त्रालयबाटवीच समन्वय गरेर कम्प्युटर अपरेटरहरुलाई समय समयमा तालिम दिनुपर्ने ।
- कम्प्युटर अपरेटरको तलब समयमा अनुकुल नभएकोले बढाउनुपर्ने ।

- कम्प्युटर अपरेटर नियुक्तिमा राजनीतिक दबाब रहेकोले यो प्रवृत्तिलाई अन्त्य गरी सक्षम र कुशल व्यक्तिलाई मात्र नियुक्ति गर्नुपर्ने ।
- सूचना केन्द्रले गरेको आम्दानी आवश्यकता अनुसार जिल्लास्तरमै खर्च गर्न पाउनुपर्ने र त्यसको मासिक प्रगति विवरण मन्त्रालय र विभागमा पठाउनुपर्ने आदि ।

केन्द्रीयस्तरमा उठेका सवालहरुः

क) कार्यक्रम राष्ट्रिय नीतिहरु अनुकुल नै कार्यान्वयनमा आएको हो ।

ख) कार्यक्रमले सोचेजस्तो परिणाम हासिल गर्न नसकेको ।

ग) हाल कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तथा कार्यविधिहरु नभएको । तथापि, यसको ड्राफ्ट तयार भइ तर्जुमाको चरणमा रहेको ।

घ) सूचना केन्द्रमा हाल देखिएका समस्याहरुलाई मध्यनजर गर्दै समस्याहरु आउन नदिनकै लागि निर्देशिका तर्जुमाको चरणको रहेको ।

३.६.२ लक्षित समूह छलफल बाट उठेका विषयवस्तुः

मूल्यांकनको लागि लक्षित समूह छलफल छानिएका जिल्लाका हुसूके र सामूदायिक सूचना केन्द्र गरी जम्मा २९ वटा सूचना केन्द्रहरुमा सम्पन्न गरिएको थियो, जसबाट निम्न सवालहरु उठेका थिए ।

क) सूचना केन्द्रले प्रदान गर्ने सेवाबारे स्थानीय जनतालाई धेरैलाई थाहा नभएको । हुलाक कार्यालयले यस सम्बन्धमा सञ्चार माध्यम मार्फत सार्वजनिक सूचना जारी गर्न नसकेको ।

ख) सूचना केन्द्र सञ्चालनमा आए पछि फोटोकपि, फ्याक्स, लेमिनेशन आदि गर्न सजिलो भएको ।

ग) सूचना केन्द्रले सञ्चालन गरेको कम्प्युटर तालिममा महिला, दलित, आदिबासी/जनजाती, मधेसी, अपाङ्ग तथा पिछडिएको वर्गलाई प्राथमिकता राखेर समावेशी बनाउन नसकिएको ।

ग) सूचना केन्द्रको यस क्षेत्रमा आवश्यकता रहेको भए तापनि प्रभावकारी रुपमा चल्न नसकेको ।

घ) तालिम लिए पश्चात इमेल-इन्टरनेट, कम्प्युटर सम्बन्धी सामान्य जानकारी प्राप्त भएकोले अलि सहज भएको ।

ङ) सूचना केन्द्रले स्थानीयसंग के गर्दा अझ प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ भनी बेलाबखत छलफल कार्यक्रम राख्न नसकेको ।

च) सूचना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय अनुसार सुधार गर्न आवश्यक रहेको ।

- सूचना केन्द्रमा नबस्ने अपरेटरलाई तत्काल सम्झौता खारेज गरी अर्को नियुक्त गर्नुपर्ने ।
- बिग्रिएको मेशिनरी औजारहरुको तत्काल मर्मत गरी सञ्चालनमा ल्याउनुपर्ने ।
- मर्मत नहुने गरी बिग्रिएका उपकरणहरुलाई नयाँ उपकरणले प्रतिस्थापन गर्नुपर्ने ।
- विभाग र मन्त्रालयबाट निरन्तर अनुगमन गरी सुधारको लागि सुझाव तथा निर्देशन दिनुपर्ने।

- अपरेटरलाई तलब कम भएकोले कम्तीमा पनि खरीदारस्तरको तलबस्केल बराबरको रकम दिनुपर्ने जसले गर्दा उनीहरुमा उत्प्रेरणा तथा हौसला प्राप्त भई थप जाँगरका साथ काम गर्ने वातावरण सिर्जना हुने आदि ।

३.७ मूल्यांकनबाट देखिएका समग्र समस्याहरु

यस कार्यक्रमको अध्ययनको क्रममा देखिएका समग्र समस्याहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

३.७.१ केन्द्रको स्थापना र सञ्चालन विधि

१) कार्यक्रम कार्यान्वयनमा ल्याउनु भन्दा अगाडि कार्यक्रमको प्रस्तावपत्र लगायत प्रारम्भिक कागजातहरु विभाग र मन्त्रालयबाट प्राप्त नभएको । अर्थात् कार्यक्रम कार्यान्वयनमा ल्याउने समयमा कार्यक्रमको सोच तालिका, वा कार्यक्रमको उद्देश्य डिजाइन नगरी कार्यान्वयनमा ल्याएको।

२) सूचना केन्द्र स्थापना गर्दा केन्द्र स्थापनाको आधार वा मापदण्ड निर्धारण गरेको नपाइएको । मुगुमा २ वटा र भौगोलिक रुपमा लगभग उत्तिकै विकट रहेको डोल्पामा ९ वटा, मनाङमा १ वटा र मुस्ताङमा ६ वटा केन्द्रहरु स्थापना भएको देखिएबाट भौगोलिक सन्तुलन मिलाउन नसकिएको भन अर्थ्याउन सकिन्छ ।

३) सूचना केन्द्र सञ्चालनको लागि विभाग वा मन्त्रालयबाट स्वीकृत निर्देशिका वा कार्यविधिहरु जारी नभएको।

४) हुसूकेको हकमा सूचना केन्द्रले गरेको आम्दानी केन्द्रीय राजश्व खातामा दाखिला गर्नुपर्ने र सूचना केन्द्र सञ्चालनको लागि आवश्यक रकम केन्द्र आफैंले खर्च गर्न नपाउने भएकोले सञ्चालनमा समस्या भएको ।

३.७.२ आवश्यक पूर्वाधार र मेशिनरी उपकरणको मर्मत संभारको व्यवस्था

१) हुसूकेको सञ्चालन गर्न पर्याप्त भवन (कोठा) नदेखिएको । भाडामा लिएको हुलाकको भवनमा एउटा कुचुक्क परेको सानो कोठामा केन्द्र सञ्चालन गरिरहेको पाइएको ।

२) केन्द्रका उपकरणहरु वर्षौं देखि बिग्रिएको अवस्थामा भएपनि मर्मत संभार नभएको पाइएको र बिग्रिएको उपकरणहरु प्रतिस्थापन समेत हुन नसकेकोले यसमा सम्बन्धित निकायहरु जिम्मेवार नदेखिएको ।

३) हुलाक सेवा विभागसंग मर्मत संभारको सेवा खरिद सम्झौता गरेका साइपाल टेक्नोलोजि प्रा.लि.ले गम्भिर लापारवाही गरेको देखिएको छ । मर्मत संभारको लागि नआएको स्थलगत अनुगमनका क्रममा सम्बन्धित पदाधिकारीहरुले बताए । विभागले काम नगर्ने पार्टीलाई तत्काल सम्झौता खारेज गर्नुपर्नेमा सो गर्न नसकेको पाइएको छ ।

४) हुसूके सञ्चालनबाट आएको आम्दानी राजश्व दाखिला गर्नुपर्ने र केन्द्र सञ्चालन गर्न आवश्यक सञ्चालन खर्च भने जिल्ला हुलाकले व्यहोर्नुपर्ने अवस्थाले हुसूकेको दिगोपनमा असर पुगेको छ। हुसूकेमा आवश्यक फोटोकपि पेपर ,टोनर ,सञ्चार खर्च आदी उपलब्ध गराउन बाधा पुगेको ।

३.७.३ जनशक्ति र क्षमता विकास

१) सूचना केन्द्र सञ्चालनको लागि नियुक्त गरिएको कम्प्युटर सहायक (अपरेटर) नियुक्ति गर्दा क्षमतालाई वेवास्ता गरी राजनैतिक दबाबमा नियुक्त गरिएको गुनासाहरु प्राप्त भएको ।

२) कम्प्युटर सहायक (अपरेटर) धेरै जसो केन्द्रमा नबस्ने गरेको पाइएको छ । मासिक रुपमा रु. १०, ०००।-तलब भने खाइरहने र अन्यत्र काम गर्ने स्थानीयबासीले गुनासो गरेका छन् ।

३) हुसूके सञ्चालनमा लागि नियुक्त भएका कम्प्युटर सहायकलाई नविन प्रविधिको बारेमा तालिम प्रदान हुन नसक्दा हुसूके सञ्चालन प्रभावकारी ढंगले अगाडि बढाउन सकिएको छैन ।

३.७.४ प्रविधि सम्बन्धी सवाल

१) अधिकांश हुसूकेहरु CDMA प्रविधिबाट इन्टरनेट चलाउने लक्ष्यकासाथ स्थापना गरिएको थियो। तर CDMA प्रविधिबाट इन्टरनेट सेवा सञ्चालनमा प्रभावकारी ढंगले हुन नसकेको कारण उक्त सेवा हाल अधिकांश हुसूकेमा प्रवाह हुन सकेको छैन ।

३.७.५ सेवा प्रवाह सम्बन्धमा

१) उर्जा संकट हुसूके सञ्चालनको लागि अर्को समस्याको रुपमा रहेको देखिन्छ । केहि स्थानमा सोलारको प्रयोग गरी Low Power Computing Station स्थापना भएकोमा ब्याट्री बिग्रिएर काम नलाग्ने अवस्थामा रहेको छ ।

२) हुसूकेबाट प्राप्त हुने सेवाको सेवा शुल्क निजि संस्थाहरुको भन्दा तुलनात्मक रुपमा महङ्गो देखिएकोले अन्य सेवा प्रदायक संग प्रतिस्पर्धा गर्न सकिएको छैन । जसले गर्दा जनताले केन्द्रबाट सेवा कम लिएको पाइएको छ।

३) मेशिनरी उपकरणहरु विग्रिए पश्चात मर्मत संभार तथा प्रतिस्थापन गर्न नसिकएकाले सेवा प्रवाहमा बाधा पुगेको छ।

३.७.६ समन्वय

१) विभाग र मन्त्रालयले यस्ता सूचना केन्द्रको सेवालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा आवश्यक समन्वय गर्न सकेको छैन ।

२) जिल्लामा हुसेक र सासूकेवीच पनि समन्वय हुन नसकेको देखिएको छ । कतिपय जिल्लाका हुलाक कार्यालयका कर्मचारीलाई मन्त्रालय अन्तर्गत सञ्चालित सासूके कति सासूके कुन कुन संस्थाले सञ्चालन गरेको भन्ने सम्बन्धमा जानकारी नभएको पाइएको छ ।

३) यस्तै प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने अन्तर मन्त्रालयहरुसंग मन्त्रालयले समन्वय गर्न सकेको पनि देखिंदैन । उदाहरणका लागि विज्ञान तथा प्रविधि मन्त्रालय मातहत रहेको सूचना प्रविधि विभागले पनि देशभर ४५ वटा इ-भिलेजहरु स्थापना गरी सूचना तथा प्रविधिजन्य सेवा प्रदान गर्दै आएको छ। यी दुवै निकायवीच निरन्तर समन्वय हुन जरुरी देखिए तापनि त्यस्तो हुन सकेको छैन।

३.७.७ अनुगमनः

१) विभाग वा मन्त्रालयबाट अनुगमन नभएको भन्ने जानकारी केन्द्रहरुबाट प्राप्त भएको । विभाग र मन्त्रालयसंग अनुगमन सम्बन्धी विवरण माग गर्दा दिन नसकेबाट पनि उक्त कुरा समर्थित हुन आएको । साथै, जिल्ला हुलाक कार्यालयले इलाका हुलाक कार्यालयहरुमा सञ्चालन भइरहेका हुसूकेहरुको पनि अनुगमन नगरेको पाइएको छ ।

२) हुसूकेहरु विकट स्थानसम्म रहेका र अनुगमन ,निरीक्षण गर्न सो शिर्षकमा क्षेत्रीय तथा जिल्ला हुलाक कार्यालयहरुमा पर्याप्त श्रोत साधन नभएको पाइएको छ ।

परिच्छेद — चारः मूल्यांकनको नतिजा

४.१ पृष्ठभूमि

कार्यक्रमको मूल्यांकनका लागि कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारीता, कार्यदक्षता, प्रभाव र दिगोपना गरी ६ वटा सूचकहरुलाई आधार लिई मूल्यांकन नतिजा निकालिएको छ । यसका लागि कार्यक्रमको स्थलगत अध्ययन, केन्द्रीय र जिल्लास्तरमा कार्यक्रमसंग जानकार व्यक्तिहरुसंग अन्तर्वार्ता, सरोकारवाला समूहरुसंग अन्तरक्रियात्मक छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्क र विभाग तथा मन्त्रालयबाट प्राप्त कार्यक्रमसंग सम्बन्धित दस्तावेज लगायतका अन्य कागजातहरु अध्ययन गरी कार्यशर्त वमोजिमको मूल्यांकन योजना अनुसारका सूचकमा राखी मूल्यांकनको नतिजा निकालिएको छ ।

४.२ मूल्यांकन नतिजा

मूल्यांकनको नतिजा देहाय अनुसार रहेको छ ।

सि.नं.	मूल्याकंनका सूचकहरु	मूल्यांकन नतिजा	मूल्यांकन नतिजाका आधारहरु
१.	कार्यसम्पादन	(घ) कम कार्यसम्पादन	- हुसूकेको मेशिनरी उपकरणहरुको मर्मत संभारको लागि वार्षिक रु. ९४ लाख बजेट खर्च भए तापनि धेरैजसो केन्द्रहरुमा त्यस्ता उपकरणहरु वर्षौंदेखि विग्रिएर काम नलाग्ने भएको, - स्थलगत अध्ययनको क्रममा कतिपय हुसूकेको कम्प्युटर सहायक सूचना केन्द्रमा नभेटिएको । उदाहरणका लागि पाँचथर जिल्लाको इहुका यासोक केन्द्र । - कम्प्युटर सहायकको कार्यदक्षता जाँच गर्दा कमजोर रहेको । उदाहरुणका लागि डडेलधुरा जिल्लाको इहुका अजयमेरु केन्द्र। - विभागबाट हुसूकेका ४०१ कम्प्युटर सहायकको लागि वार्षिक रु. ४,८१,२०,०००।— तलब वापत र उपकरण मर्मत संभारको वापत वार्षिक रु. ९४,००,०००।- बजेट विनियोजन हुने र विनियोजित सबै बजेट खर्च हुने गरेको ।
२.	सान्दर्भिकता	(ख) सान्दर्भिक	- मन्त्रालयद्वारा जारी सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालिन नीति, २०५९ मा सूचना तथा सञ्चारको पहूँच आम जनतामा पुर्‍याउनका लागि सासूकेहरुको विकास एवं सञ्चालन गर्न प्रोत्साहन दिने भन्ने उल्लेख भएको । - आ.व. २०७४/७५ को बजेट वक्तव्यमा सहज रुपमा सूचना

			प्रविधिको प्रवाह गर्न हुसूके तथा सासूकेहरु लाई स्थानीय हुलाक मार्फत विस्तार र सञ्चालन गर्ने विषय रहेको । - सन् २०२० सम्ममा ग्रामीण क्षेत्रका सामुदायिक विद्यलाय, सामाजिक संघसंस्था, स्वास्थ्य संस्थाहरुमा ब्रोडव्याण्ड सेवा सुनिश्चित गर्ने कुरा ब्रोडव्याण्ड नीति, २०७१ मा उल्लेख भएको। - सूचना तथा प्रविधिको प्रयोगमार्फत नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने, सन् २०२० सम्ममा ७५ प्रतिशत जनतालाई डिजिटल साक्षर बनाइने सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा समेटिएको । - चौधौं योजना (आर्थिक वर्ष २०७३/७४ — २०७५/७६) मा पनि सूचना प्रविधिको उच्चतम प्रयोग मार्फत ज्ञानमा आधारित समाजको विकास गर्ने दीर्घकालिन सोच उल्लेख भएको ।
३.	प्रभावकारिता	सामान्य प्रभावकारीता (घ)	- सूचना केन्द्रबाट प्रदान गरिने सेवा स्थानीयले कम लिने गरेको, उपकरणहरु चल्न नसकेर धेरै ठाउँमा सेवा नै बन्द भएको । - हुसूके र सासूकेबाट प्रदान गरिने सेवा तुलनात्मक रुपमा मंहगो भएको। - ताप्लेजुङ केन्द्रमा कम्प्युटर तालिम लिइरहेका एक जना विद्यार्थीको मूल्यांकन टोलीले सीप परीक्षण गर्दा सिकाई कमजोर रहेको पाइएको । - दुर्गम ठाउँमा सूचना तथा प्रविधिसम्बन्धी सेवा प्रदान गर्ने उद्देश्य यो कार्यक्रमको भए तापनि दुर्गम ग्रामीण भेगमा लक्ष्य अनुसार सेवा दिन नसकेको । तराई र पहाडका सुगम जिल्लाहरुमा १४ वटासम्म केन्द्रहरु स्थापना गरेको र पहाडका दुर्गम जिल्लामा १/२ वटा मात्र स्थापना भएको । उदाहरणका लागि काभ्रेपलाञ्चोक जिल्लामा १४ वटा, सुनसरीमा १३ वटा, मुगुमा २ वटा, वैतडीमा ३ वटा सूचना केन्द्रहरु स्थापना भएका छन् । - धेरै केन्द्रहरुमा बिग्रिएका उपकरणहरु समयमा मर्मत संभार हुन नसक्दा सेवा प्रवाह बन्द हुन गएको ।

४	कार्यदक्षता	मध्यम (ग)	- सुरुमा हुसूके स्थापना गर्दा ४०१ वटाको प्रति केन्द्र रु. १,००,०००।- दरले रु. ४,०१,००,०००।- लागत लागेको, त्यसपश्चात तलब र मेन्टिनेन्समा वार्षिक रु. ५,७५,२०,०००।— लागत रहेको। यसरी केन्द्रको प्रति इकाल लागत रु. २४ लाख रहेको । - लागत अनुसार केन्द्रको प्रतिफल भने दिएको नपाइएको । धेरै केन्द्रहरुमा मेशिनरी उपकरणहरु विग्रिए मर्मत संभार हुन नसकेको, कम्प्युटर सहायक सूचना केन्द्रमा नबस्ने गरेको र कम्प्युटर सहायकको कार्यक्षमताको अभावले गर्दा लक्ष्य अनुसारको प्रगित हासिल नभएको । - वित्तीय स्रोतको उपयोग भएको देखिए तापनि स्रोतको उपयोगिता अनुसार नतिजा नआएको, भौतिक उपकरणहरु उपयोगमा आउन नसकेको ।
५.	प्रभाव	कम प्रभाव देखिएको (घ)	- हुसूकेमा ४०१ र सासूकेमा १२६ गरी कुल ५२७ सूचना केन्द्रहरुमा ५२७ जनाले सूचना केन्द्रमा कम्प्युटर सहायक पदका लागि रोजगारी पाएको । - कार्यक्रमको उद्देश्य अनुरुप ग्रामीण भेगका समुदाय सूचना केन्द्रले प्रदान गर्ने सेवाबाट लाभान्वित हुन नसकेको । - मूल्यांकन गरिएका सूचना केन्द्रहरुमा उक्त सूचना केन्द्रबाट सीप सिकेर आफ्नो निजी व्यवसाय गरी आय आर्जनको व्यवसाय गरेको नपाइएको । - थोरै हदसम्म दुर्गम ठाउँमा इन्टरनेट सेवा फोटोकपि, फ्याक्स आदि सेवा उपलब्ध गराउन सकेकोले त्यस्ता दुर्गम ठाउँका ग्रामीण जनताको दैनिक जीवन अलि सहज भएको । - सूचना केन्द्रहरु तराई र पहाडका सुगम जिल्लाहरुमा बढी केन्द्रित भएकोले यसको लक्ष्य अनुरुप दुर्गम गाउँका मानिसहरुलाई यसले सेवा दिन नसकेको ।

६.	दिगोपना	दिगोपना भएको (ग)	- कार्यक्रम सान्दर्भिक भए तापनि कार्यान्वयनको क्रममा देखिएका गम्भिर समस्याहरुलाई समाधान गर्ने प्रयास नभएको पाउँदा कार्यक्रमलाई निरन्तरता दिने कि नदिने भन्ने प्रश्न उठेको । - सूचना तथा सञ्चारसम्बन्धी राष्ट्रिय नीतिहरु आमसञ्चार नीति, सूचना तथा प्रविधि नीति, ब्रोडव्याण्ड नीति लगायत योजना, बजेट आदि दस्तावेजहरुमा सूचना र प्रविधिको प्रयोग र पहूँचलाई जोड दिइएको हुँदा यसलाई निरन्तरता दिई थप प्रभावकारीताका साथ सञ्चालनमा ल्याउन सकिने । - कार्यक्रम समय सान्दर्भिक नै देखिएकोले कार्यक्रमको निरन्तरताका लागि बजेट उपलब्ध हुन सक्ने स्थिति रहेको । - उपकरण मर्मत संभार तथा केन्द्र सञ्चालनका लागि प्रतिस्पर्धात्मक बजारमा प्राविधिक जनशक्ति उपलब्धतामा खासै समस्या नरहने ।

४.३ मूल्यांकनको समग्र नतिजाः

सूचना र प्रविधिको युगमा आजको समाज अग्रसर भइरहेको अवस्थामा मूल्यांकनको समग्र नतिजा हेर्दा कार्यक्रमको उद्देश्य नै सूचना र प्रविधिमा पहूँच कम भएका ग्रामीण भेगमा सूचना र प्रविधिजन्य सेवाको सुनिश्चितता गर्दै डिजिटल डिभाइड कम गर्ने रहेको हुँदा कार्यक्रम समय सान्दर्भिक नै रहेको छ । सबै ठाउँका मानिसहरुको सूचना र प्रविधिमा पहूँच सुनिश्चित हुन सकेमा जनजीवन सहज हुने र मानिसको चेतनाकोस्तर बढ्ने तथा सूचना र सञ्चारको संजालमा आफुलाई समाहित गर्न सक्छन् । जुन उद्देश्यका साथ यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो, तदअनुरुप सञ्चालनमा आउन नसक्दा कार्यक्रमको कार्यसम्पादन निकै कमजोर पाइएको छ । यसमा स्पष्ट मापदण्ड नबनाई सूचना केन्द्रहरु स्थापना गरिनु, सूचना केन्द्र सञ्चालनको लागि कम्प्युटर सहायक नियुक्त गर्दा क्षमतावान जनशक्तिलाई वेवास्ता गरी राजनीति स्वार्थका कारण सूचना र प्रविधिसम्बन्धी पर्याप्त ज्ञान नै नभएका व्यक्तिलाई जागिर खुवाउनकै निमित्त नियुक्त गरिनु, मेशिनरी उपकरणहरु बिग्रिए तापनि मर्मत संभार हुन नसकेर सञ्चालनमा आउन नसक्नु, विभाग र मन्त्रालयबाट निरन्तर अनुगमन गरी सूचना केन्द्रले प्रदान गर्ने सेवाको प्रभाव मूल्यांकन हुन नसक्नु आदि प्रमुख कारणहरुका रुपमा रहेका छन् । त्यसकारण, कार्यक्रम कार्यान्वयनबाट केही रोजगारी सिर्जना भएको, सीमित स्थानीयले इन्टरनेट, फोटोकपि, फ्याक्स लगायतका सेवा पाएको भए तापनि त्यसले निरन्तरता पाउन नसकेकाले कार्यक्रमको समग्र प्रभाव सन्तोषजनक देखिएकोले मूल्यांकनबाट कार्यक्रम कम सन्तोषजनक (घ) रहेको पाइएको छ ।

एकाई — पाँचः निष्कर्ष र सुझावहरु

५.१ सुझावहरु

कार्यक्रमको समग्र मूल्यांकनबाट हुलाक सूचना केन्द्र तथा सामुदायकि सूचना केन्द्र सञ्चालन सम्बन्धमा देहायको सुझावहरु पेश गरिएको छ ।

५.१.१ केन्द्र स्थापना सम्बन्धी नीतिगत विषय, मापदण्ड र संचालन विधि

१) हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्र सञ्चालन सम्बन्धमा विभागबाट र मन्त्रालयबाट हालसम्म कुनै पनि निर्देशिका, कार्यविधिहरु पारित गरी कार्यान्वयनमा ल्याइएको नपाइएको । सञ्चालनमा आएको ९ वर्ष व्यतित भइसक्दा समेत सञ्चालन निर्देशिका तथा कार्यविधि नबनेकोले सूचना केन्द्र सञ्चालनमा समस्या उत्पन्न भएको छ । त्यसकारण यस्तो निर्देशिका तथा कार्यविधि छिटो जारी गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।

२) हालका सूचना केन्द्रहरु स्थापना गर्दा स्पष्ट मापदण्डको आधारमा स्थापना गरेको नपाइएकोले नयाँ केन्द्रहरु स्थापना गर्नुपर्दा उपयुक्त भवन, प्रतिस्पर्धात्मक छनौटबाट कम्प्युटर सहायक नियुक्ति, वैकल्पिक उर्जाको स्रोत, इन्टरनेटको पहूँच, दुर्गम ठाउँ, जनसंख्या, स्थानीय जनताको आवश्यकता आदिलाई मापदण्डका आधारको रुपमा लिन उपयुक्त हुने ।

३) हुसूके सञ्चालनको जिम्मा हुलाक कार्यालयलाई दिएकोमा सबै हुसूकेलाई सामुदायिक सूचना केन्द्रले प्रतिस्थापन गर्ने । हुलाक कार्यालयलाई सञ्चालन जिम्मा नदिई स्वतन्त्र निजी संस्थाहरुलाई दिन उपयुक्त हुने । यसका लागि शुरुमा विभागले विग्रिएका सबै उपकरणहरु मर्मत संभार गर्ने र मर्मत हुन नसक्ने उपकरणहरुलाई नयाँ उपकरणले प्रतिस्थापन गर्ने । सूचना केन्द्रले आम्दानी गरेको राजश्व केन्द्रले आफ्नो विनियम वमोजिम खर्च गर्न पाउने व्यवस्था गर्ने। र, आम्दानी र खर्चको मासिक प्रगति विवरण विभागमा र मन्त्रालयमा उपलब्ध गराउने ।

५.१.२ स्रोत साधन र पूर्वाधार

१) सूचना केन्द्र सञ्चालनको लागि पर्याप्त बजेट सीधै सूचना केन्द्रमा पठाउने व्यवस्था गर्नुपर्ने। मेशिनरी उपकरणको खरिद, मर्मत संभार लागयत अन्य शिर्षकमा निश्चित रकम विभाग वा मन्त्रालयले पठाउने।

२) सूचना केन्द्र सञ्चालनको लागि स्वतन्त्र संस्थासंग सम्झौता गर्दा ती संस्थाको भवन पर्याप्त भएमा मात्र सञ्चालनको जिम्मा दिने गरी सम्झौता गर्ने ।

३) सूचना केन्द्रहरुको सञ्चालनक अवस्था के कस्तो रहेको छ भनी निरन्तरन अनुगमनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

५.१.३ समन्वय

१) विभाग वा मन्त्रालयवीच, जिल्ला हुलाक कार्यालयहरुवीच, सूचना केन्द्रहरुवीच तथा हुसूके र सासूकेवीच निरन्तर समन्वयको जरुरी रहेको भए तापनि आवश्यक समन्वय गर्न नसकेको अवस्था रहेकोले निरन्तर समन्वय हुने व्यवस्था मन्त्रालयले गर्ने ।

२) अन्तर मन्त्रालयवीच पनि समन्वय हुन जरुरी छ । एकै प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने एक भन्दा धेरै मन्त्रालयहरुले एक अर्कामा समन्वय गर्नुपर्ने । जस्तैः सूचना प्रविधि विभागसंग विभाग तथा मन्त्रालयले निरन्तर समन्वय गर्न सकेमा समस्याको समाधानको उपाय पत्ता लाग्ने र भावि कार्यदिशा बनाई सो अनुसार अगाडि बढ्न सजिलो हुने ।

५.१.४ सूचना केन्द्रको संरचना तथा जनशक्ति

१) देश संघीय संरचनामा प्रवेश गरिसकेको अवस्था छ । यस सन्दर्भमा यस्ता सूचना केन्द्रहरु संघीय संरचना अनुरुप सञ्चालनमा ल्याउंदा उपयुक्त हुने ।

२) सूचना केन्द्रमा प्रशिक्षकको रुपमा काम गर्ने प्रशिक्षकहरुलाई समय सापेक्ष नयाँ नयाँ प्रविधि प्रविधि सम्बन्धी तालिम प्रदान गर्नुपर्ने । हुलाक तालिम केन्द्रले हालसम्म सूचना केन्द्रका १५० जना कम्प्युटर सहायकलाई एकपटक तालिम प्रदान गरेको भए तापनि यो पर्याप्त छैन । यस्ता प्रशिक्षकहरुलाई कम्प्युटर सफ्टवेयर तथा हार्डवेयर तालिम लगायत प्रविधि सम्बन्धी अन्य तालिमहरु कम्तीमा वर्षमा एक पटक अनिवार्य रुपमा प्रदान गर्नुपर्ने ।

३) दक्ष जनशक्तिलाई मात्र सूचना केन्द्र सञ्चालनको लागि कम्प्युटर सहायक (अपरेटर) मा नियुक्त गर्नुपर्ने।

५.१.५ सेवा प्रवाह

१) सूचना केन्द्रको मेशिनरी उपकरणहरु धेरै लामो समयसम्म विग्रिएको अवस्थामा रहेता पनि मर्मत हुन नसकेको पाइएको छ, जसले केन्द्र सूचना केन्द्रबाट प्रवाह हुने सेवा नै बन्द रहेको छ । यस्ता उपकरणहरु तुरुन्त मर्मत गर्ने र मर्मत नहुने उपकरणलाई नयाँ उपकरणले प्रतिस्थापन गरी सूचना केन्द्र सञ्चालनमा ल्याउने ।

२) सूचना केन्द्रबाट प्रदान गरिने सेवाको शुल्क अन्य सेवा प्रदायक निजी संस्थाहरुको भन्दा तुलनात्मक रुपमा महङ्गो भएको सवाल उठेकोले सूचना केन्द्रलाई अन्य सेवा प्रदायक संग प्रतिस्पर्धी बनाउन सेवा शुल्कमा पुनरावलोकन गर्नुपर्ने ।

३) सूचना केन्द्रको सेवालाई प्रत्यक्ष असर गर्ने अर्को एउटा मुख्य कारण उर्जा संकट पनि रहेको छ। त्यसकारण, धेरै लोडशेडिङ्ग हुने क्षेत्रमा वैकल्पिक उर्जा जस्तैः सोलार, जेनेरेटर, इन्भर्टर आदिको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त बनाउनु पर्ने ।

४) हुसूकेहरु CDMA प्रविधिबाट इन्टरनेट चलाउने लक्ष्यकासाथ स्थापना गरिएकोमा CDMA प्रविधिबाट इन्टरनेट सेवा सञ्चालनमा प्रभावकारी ढंगले हुन नसकेको पाइएको छ । प्रतिस्पर्धात्मक बजारमा इन्टरनेट सेवा प्रदान गर्ने थुप्रै संस्थाहरु जस्तैः World Link, Subisu, Classitech, Vionet आदिले प्रदान गर्ने इन्टरनेट सेवा नेपाल टेलिकमको भन्दा तुलानात्मक रुपमा छिटो र चुस्त रहेको छ । नेपाल टेलिकमको विकल्पमा यस्ता निजी संस्थाहरुसंग पनि सेवा खरिद गर्न सकिन्छ।

५) हाल हुलाक कार्यालयहरुबाट संचालन भइरहेको ४०१ वटा हुलाक सूचना केन्द्र (टेलिसेन्टर) हरु उद्देश्य अनुरुप संचालनमा आउन नसकी सेवा प्रवाह नै कम प्रभावकारी देखिएकोले यी हुसूकेहरु सार्वजनिक निजी साझेदारी मोडेलमा निजी क्षेत्रलाई संचालनको जिम्मा दिन उपयुक्त हुने ।

६) संघीयताको कार्यान्वयन स्वरुप हाल हाल देशभर कुल ७४४ वटा स्थानीय निकायहरु (गाउँपालिका/नगरपालिका) गठन भइसकेको सन्दर्भमा महानगरपालिका र उप-महानगरपालिका बाहेक प्रत्येक स्थानीय निकायमा एउटा सामुदायिक सूचना केन्द्र शाखा स्थापना गरी सोको सञ्चालन स्थानीय निकायले गर्ने गरी सूचना केन्द्र स्थापना गर्ने अर्को विकल्प रहेको छ । उक्त शाखा संचालनको लागि दक्ष जनशक्ति सेवा करारबाट नियुक्ति गर्ने । केन्द्रीय संरचनामा हालको सूचना प्रविधि विभाग यथावत् रहेमा उक्त विभागले प्रत्येक सासूके शाखा सञ्चालन गर्ने प्रशिक्षकको लागि वर्षमा एक पटक तालिम प्रदान गर्ने व्यवस्था गर्ने ।

५.१.६ अनुगमन

१) हालकै संरचनामा सूचना केन्द्रहरु रहेमा हुलाक सेवा विभागका तथा मन्त्रालयका प्राविधिक टोलीबाट कम्तीमा वर्षको एक पटक प्रभावकारी ढंगले अनुगमन गर्ने ।

२) सूचना केन्द्र सञ्चालनको स्थानीय निकायमार्फत गर्ने हो भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सूचना तथा प्रविधि विभागबाट संयुक्त रुपमा अनुगमन गरी अनुगमनबाट सूझाइएका विषयहरु तत्काल कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

सुझाव कार्यान्वयन कार्ययोजना

मूल्यांकनबाट सुझाइएका विषयहरु कार्यान्वयन सम्बन्धी कार्ययोजना यस प्रकार रहेको छ ।

सि.नं.	सुझावका विषयहरु	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	कार्यान्वयन गर्ने सहयोगी निकाय	कार्यान्वयन समय
१.	**केन्द्र स्थापना सम्बन्धी नीतिगत विषय, मापदण्ड र संचालन विधि** १) सूचना केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका, कार्यविधिहरु पारित गरी कार्यान्वयनमा ल्याउने। २) उपयुक्त भवन, दक्ष जनशक्ति, वैकल्पिक उर्जाको व्यवस्था, इन्टरनेटको पहूँच, दुर्गम ठाउँ, जनसंख्या, स्थानीय जनताको माग आदिलाई सूचना केन्द्र स्थापनाको मापदण्डका रुपमा लिन उपयुक्त हुने । ३) हुसूके सञ्चालनको जिम्मा स्वतन्त्र निजी संस्थाहरुलाई दिनुपर्ने । सूचना केन्द्रले आम्दानी गरेको राजश्व केन्द्रले आफ्नो विनियम वमोजिम खर्च गर्न पाउने व्यवस्था गर्ने ।	सूचना तथा सञ्चार मन्त्रालय	राष्ट्रिय योजना आयोगको सचिवालय	तुरुन्त
२.	**स्रोत साधन र पूर्वाधार** १) सूचना केन्द्र सञ्चालनको लागि पर्याप्त बजेट सीधै सूचना केन्द्रमा पठाउनुपर्ने, मेशिनरी उपकरणको खरिद, मर्मत संभार लागयत अन्य शिर्षकमा निश्चित रकम विभाग वा मन्त्रालयले पठाउने। २) सूचना केन्द्र सञ्चालनको लागि संस्थासंग सम्झौता गर्दा आवश्यक पूर्वाधारहरु पर्याप्त भए मात्र सञ्चालनको जिम्मा दिने । ३) सूचना केन्द्रहरुको निरन्तर अनुगमनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।	अर्थ मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय	रायोआस, मन्त्रालय	आवश्यकता अनुसार
३.	**समन्वय सम्बन्धमा** १) विभाग वा मन्त्रालयवीच, जिल्ला हुलाक	सूचना तथा सञ्चार	रायोआस	निरन्तर

	कार्यालयहरुवीच, सूचना केन्द्रहरुवीच तथा हुसूके र सासूकेवीच निरन्तर समन्वयको व्यवस्था मन्त्रालयले गर्ने । २) एकै प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने एक भन्दा धेरै मन्त्रालयहरुले एक अर्कामा समन्वय गर्नुपर्ने । जस्तैः सूचना प्रविधि विभाग र हुलाक सेवा विभाग तथा मन्त्रालयवीच निरन्तर समन्वय कायम गर्ने ।	मन्त्रालय		
४.	**सूचना केन्द्रको संरचना तथा जनशक्ति व्यवस्था** १) देश संघीय संरचना प्रवेश गरिसकेकोले सूचना केन्द्रहरु संघीय संरचना अनुरुप सञ्चालनमा ल्याउंदा उपयुक्त हुने । २) सूचना केन्द्रमा प्रशिक्षकहरुलाई समय सापेक्ष कम्प्युटर सफ्टवेयर तथा हार्डवेयर तालिम लगायत प्रविधि सम्बन्धी अन्य तालिमहरु कम्तीमा वर्षमा एक पटक अनिवार्य रुपमा प्रदान गर्नुपर्ने । ३) दक्ष जनशक्तिलाई मात्र सूचना केन्द्र सञ्चालनको लागि हुसूकेमा अपरेटरमा नियुक्त गर्नुपर्ने ।	प्र.म.तथा म.प.का., सूचना तथा सञ्चार मन्त्रालय	रायोआस	तत्काल
५.	**सेवा प्रवाह** १) सूचना केन्द्रको विग्रिएका मेशिनरी उपकरणहरु तुरुन्त मर्मत गर्ने तथा नयाँ उपकरणले प्रतिस्थापन गरी सूचना केन्द्र सञ्चालनमा ल्याउने। २) सूचना केन्द्रबाट प्रदान गरिने सेवाको शुल्क महङ्गो भएकोले अन्य निजी सेवा प्रदायक संस्थासंग प्रतिस्पर्धी बनाउन सेवा शुल्कमा पुनरावलोकन गर्ने। ३) धेरै लोडशेडिङ्ग हुने क्षेत्रमा उर्जाको वैकल्पिक स्रोतको रुपमा सोलार, जेनेरेटर, इन्भर्टर	प्र.म.तथा म.प.का., सूचना तथा सञ्चार मन्त्रालय	अर्थ मन्त्रालय, रायोआस	निरन्तर

	आदिको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त बनाउने । ४) हुसेकेहरुमा CDMA प्रविधिबाट इन्टरनेट सेवा सञ्चालनमा प्रभावकारी ढंगले हुन नसकेकोले इन्टरनेट सेवा प्रदान गर्ने निजी संस्थाहरु जस्तैः World Link, Subisu, Classitech, Vionet आदीलाई नेपाल टेलिकमको विकल्पमा रुपमा राख्ने। ५) हुलाक सूचना केन्द्र (टेलिसेन्टर) हरु कम प्रभावकारी देखिएकोले सार्वजनिक निजी साझेदारी मोडेलमा निजी क्षेत्रलाई संचालनको जिम्मा दिन उपयुक्त हुने । ६) संघीयताको कार्यान्वयन स्वरुप हाल देशभर कुल ७४४ वटा स्थानीय निकायहरु (गाउँपालिका/नगरपालिका) गठन भइसकेको अवस्थामा महानगरपालिका र उप-महानगरपालिका बाहेक प्रत्येक स्थानीय निकायमा एउटा सामुदायिक सूचना केन्द्र शाखा स्थापना गरी सोको सञ्चालन स्थानीय निकायले गर्न सकिने ।			
६.	**अनुगमन** १) हालकै संरचनामा सूचना केन्द्रहरु रहेमा हुलाक सेवा विभागका तथा मन्त्रालयका प्राविधिक टोलीबाट कम्तीमा वर्षको एक पटक प्रभावकारी ढंगले अनुगमन गर्ने । २) सूचना केन्द्र सञ्चालनको स्थानीय निकायमार्फत गर्ने हो भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सूचना तथा प्रविधि विभागबाट संयुक्त रुपमा अनुगमन गर्ने व्यवस्था गर्ने ।	सूचना तथा सञ्चार मन्त्रालय	रायोआस	निरन्तर

५.२ निष्कर्ष

हुलाक सूचना केन्द्र तथा सामुदायिक सूचना केन्द्र सूचना र प्रविधिमा पहूँच नपुगेका ग्रामीण जनताको सूचना र प्रविधिमा सहज पहूँच स्थापित गरी डिजिटल डिभाइडलाई कम गर्ने उद्देश्यकासाथ कार्यान्वयनमा आएको हो। शुरुमा आ.व. ०६४/६५ हुलाक सेवा विभागले ५८ वटा हुलाक कार्यालयहरुमा हुलाक सूचना केन्द्र (टेलिसेन्टर) स्थापना गरी कार्यान्वयनमा ल्याएकोमा आ.व. ०६७/६८ सम्म ४०१ वटा हुसूकेहरु स्थापना गरी कार्यान्वयनमा ल्याएको छ । त्यसपश्चात् यस्ता हुसूकेहरु स्थापना भएको छैन । त्यस्तै सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत १२६ वटा सासूकेहरु संचालनमा छन् । हुसूके तथा सासूकेले मुख्य गरी आधारभूत कम्प्युटर तालिम, इन्टरनेट, फोटोकपि, फ्याक्स, लेमिनेशन आदि सूचना तथा प्रविधिजन्य सेवाहरु प्रदान गर्दै आएको छ ।

कार्यक्रम कार्यान्वयनको चरणमा केही समस्याहरु देखिएका छन् । कार्यान्वयनमा ल्याउनु पूर्व यसका लक्ष्य र यसबाट प्राप्त हुने अपेक्षित उलब्धी, सञ्चालनसम्बन्धी मापदण्ड आदि निर्माण गरेर कार्यान्वयनमा ल्याउन सकेको भए यति धेरै समस्या नआउन सक्थ्यो । अर्कोतर्फ समस्या आइ परिसकेपछि पनि यसलाई सम्बोधन गर्नेतर्फ कुनै कदम चालिएको छैन । उपकरणहरु वर्षौं देखि बिग्रिए तापनि मर्मत हुन सकेको छैन । सूचना केन्द्र सञ्चालन गर्ने कम्प्युटर सहायक कतिपय केन्द्रहरुमा उपकरण चल्न नसकेकाले नबस्ने गरेको पाइएको छ । र, धेरैजसो सूचना केन्द्रका कम्प्युटर सहायकहरुमा दक्षताको अभाव देखिएको छ । यो मुख्य समस्याहरुलाई विभाग तथा मन्त्रालयले समाधान दिन सकेको छैन । उनीहरु काम नभए तापनि मासिक रु. १०,०००।— तलब खाइरहेका छन् । सूचना केन्द्रले प्रभावकारी रुपमा सेवा दिन नसक्नुमा साँघुरो कोठा, लोडशेडिङ्ग, भौगोलिक विकटता, तालिमको अभाव आदि अन्य कारणहरुका रुपमा रहेका छन् ।

तथापि, कार्यान्वयनका क्रममा देखिएका समस्याहरुलाई समयमै सम्बोधन गरी आवश्यक सुधार गर्न सकेमा कार्यक्रमको उद्देश्य अनुसार उपलब्धि हासिल हुने देखिन्छ । यसका लागि सर्वप्रथम सूचना केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउन सकिन्छ । सूचना केन्द्र कुन मोडेलमा सञ्चालन गर्ने हो, केन्द्र सञ्चालनका मापदण्डहरु के के रहने, केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थाले कार्य सञ्चालन गर्न कार्यशर्त के के रहने आदि विषयहरु स्पष्ट रुपमा सञ्चालन कार्यविधिमा उल्लेख गर्न जरुरी छ। समयमा उपकरणको मर्मत संभार, जनशक्तिलाई तालिमको व्यवस्था र निरन्तर अनुगमन गर्न सकेमा यो कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गर्न सकिने र यसबाट अपेक्षित उपलब्धी समेत हासिल हुने देखिन्छ ।

अनुसूचि — १

हुलाक टेलिसेन्टर तथा सामुदायिक सूचना केन्द्रहरुको जिल्लागत विवरण

सि.नं.	प्रदेश	जिल्ला	हुसूके	सासूके			जम्मा
				SDF	SAASEC	मन्त्रालय	
१.	प्रदेश नं. १	ताप्लेजुङ	४			१	५
		पाँचथर	५	१			६
		इलाम	८	२			१०
		संखुवासभा	६	१			७
		तेह्रथुम	४				४
		धनकुटा	९				९
		भोजपुर	२	२		१	५
		खोटाङ	५	२		१	८
		सोलुखुम्वु	६	१			७
		ओखलढुङ्गा	२				२
		उदयपुर	४	१			५
		झापा	७	२			९
		मोरङ	६	२			८
		सुनसरी	८		५		१३
		जम्मा	७६	१४	५	३	९८
२.	प्रदेश नं. २	सप्तरी	७	१	५		१३
		सिराहा	२				२
		धनुषा	३	१	१		5
		महोत्तरी	४	२	४		१०
		सर्लाही	६	१			७
		रौतहट	३	१			४
		बारा	३	१			४
		पर्सा	४			१	५
		जम्मा	३२	७	१०	१	५०
३.	प्रदेश नं. ३	दोलखा	५	१			६
		रामेछाप	५	२		१	८
		सिन्धुली	३	१	२		६
		सिन्धुपाल्चोक	५	२			७
		काभ्रेपलाञ्चोक	५		९		१४
		रसुवा	४				४
		नुवाकोट	५	१			६
		धादिङ	३	२			५
		चितवन	१०	२			१२

		मकवानपुर	८		४		१२
		भक्तपुर				१	१
		ललितपुर	१	१			२
		काठमाण्डौं				१	१
		जम्मा	५४	१२	१५	३	८४
४.	प्रदेश नं. ४	गोरखा	६	२			८
		लमजुङ	१०				१०
		तनहूँ	६	२			८
		कास्की	५	२			७
		मनाङ	१				१
		मुस्ताङ	६				६
		पर्वत	८	१			९
		स्याङ्जा	८	२		१	११
		म्याग्दी	७	२			९
		बाग्लुङ	११	२		१	१४
		नवलपरासी (बर्दघाट सुस्तापूर्व)	५			१	६
		जम्मा	७३	१३		३	८९
५.	प्रदेश नं. ५	नवलपरासी (बर्दघाट सुस्तापश्चिम)	३				३
		रुपन्देही	८	१			९
		कपिलवस्तु	८				८
		पाल्पा	७	१			८
		अर्घाखाँची	१२	१			१३
		गुल्मी	९	२			११
		रुकुम (पूर्वी भाग)	१	२		१	४
		रोल्पा	६	१			७
		प्युठान	८				८
		दाङ	७				७
		बाँके	७	२			९
		बर्दिया	८	२			१०
		जम्मा	८४	१२		१	९७
६.	प्रदेश नं. ६	रुकुम (पश्चिम भाग)	३				३
		सल्यान	८				८
		डोल्पा	७	२			९
		मुगु	१	१			२
		हुम्ला	२	२			४
		जुम्ला	३	१		१	५
		कालिकोट	३	१			४

		जाजरकोट	१				१
		दैलेख	४	२		१	७
		सुर्खेत	५	१			६
		जम्मा	३७	१०		२	४९
७.	प्रदेश नं. ७	बाजुरा	४	२			६
		बझाङ	४	२			६
		डोटी	६	२			८
		अछाम	६	२			८
		दार्चुला	४	२			६
		वैतडी	२			१	३
		डडेल्धुरा	६	१			७
		कञ्चनपुर	७	२			९
		कैलाली	६			१	७
		जम्मा	४५	१३		२	६०
		खुद जम्मा	४०१	८१	३०	१५	५२७

अनुसूचि-२

मूल्याकंनको कार्यशर्त

सामुदायिक सूचना केन्द्रको आन्तरिक मूल्याङ्कनको लागि संक्षिप्त कार्यशर्त

१. मूल्याङ्कनको पृष्ठभूमि

राष्ट्रिय योजना आयोगको सचिवालयबाट प्रत्येक वर्ष केही छानिएका कार्यक्रम तथा आयोजनाहरुको स्वतन्त्र मूल्याङ्कनकर्ताहरुबाट र आ.व. २०७१।७२ देखि स्वयं आयोगवाट समेत आन्तरिक मूल्याङ्कन गर्न शुरु गरिएको छ । चालू आ.व.मा आन्तरिक मूल्याङ्कन गर्न छनौट भएका आयोजना वा कार्यक्रम मध्ये सामुदायिक सूचना केन्द्र कार्यक्रम छनौटमा परेको छ । सामुदायिक सूचना केन्द्र सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम हो । सुरुमा यो कार्यक्रम हुलाक सूचना केन्द्र (हुसूके) को रुपमा कार्यान्वयनमा आएको थियो । सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण र पिछडिएका समुदायको पहूँच पुर्याउने र सूचना प्रविधिको प्रयोगलाई सहजीकरण गर्ने उद्देश्यले सञ्चालन भएको हो । कार्यक्रमले अपेक्षित उपलब्धी हासिल गर्न सके, नसकेको सन्दर्भमा तथ्यमा आधारित सूचना प्राप्त गर्ने उद्देश्यले यसको मूल्याकंन हुनु अपरिहार्य देखिएको छ। यस कार्यक्रमको हालसम्म तेश्रो पक्ष तथा आन्तरिक रुपमा समेत मूल्याङ्कन हुन नसकेकोले आयोग स्वयंबाट आन्तरिक मूल्याङ्कन गर्न लागिएको हो ।

२. कार्यक्रमको पृष्ठभूमि

अत्याधुनिक सूचना तथा संचार प्रविधिको प्रयोग गर्न सकिने एवं सूचना प्रविधिको प्रयोगमार्फत स्थानीय जनसमुदायको जीवनस्तर वृद्धि गर्न सहयोग गर्ने कार्यक्रमको रुपमा परिचित कार्यक्रम सार्वजनिक सूचना केन्द्र हो । ईमेल, ईन्टरनेटका साथै टेलिफोन सेवा लगायत स्थानीय आवश्यकता अनुसारका सूचना, प्रविधिजन्य सेवाहरु स्थानीयस्तरमा प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । सूचना केन्द्रवाट सूचना र प्रविधिमा पहूँच वृद्धि गर्ने, सूचना प्रविधिको प्रयोगलाई सहजीकरण गर्ने, प्रविधिमा पहूँच हुने र नहुने बीचको दूरी कम गर्ने, स्थानीय नागरिकलाई शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य सेवासम्बन्धी विषयमा सूचना उपलब्ध हुने अपेक्षा यस कार्यक्रमको रहेको छ । शुरुमा सामुदायिक सूचना केन्द्रको अवधारणा आ.व. २०६४/६५ देखि नेपाल भरका जिल्ला हुलाक/ईलाका हुलाक तथा केहि अतिरिक्त हुलाक कार्यालयहरु समेतबाट गरी जम्मा ४०१ स्थानमा हुलाक सेवा विभागले "हुसूके" को नाममा कार्यान्वयनमा आएको थियो । यसै कार्यक्रमको निरन्तरता स्वरुप आ.व. २०७०/७१ बाट सार्क विकास कोष (SAARC Development Fund - SDF) को अनुदान सहयोगमा Reaching the Unreached ICT आयोजना अन्तर्गत सूचना तथा सञ्चार मन्त्रालयको समन्वयमा सार्वजनिक निजी साझेदारी मोडेलमा ५२ जिल्लाको विभिन्न ८१ वटा ठाउँमा ५ वटा भवन सहितको सामुदायिक सूचना केन्द्र स्थापना भएको छ । यसका साथै, आ.व. २०७०/७१ बाटै एशियाली विकास वैंकको ७० प्रतिशत अनुदान र नेपाल सरकारको ३० प्रतिशत लगानीमा South Asian Sub-Regional Economic Cooperation (SASEC)- IH Project अन्तर्गत Regional Cross-Border Connectivity को लागि स्थापना गरिने १७० कि.मि. अप्टिकल फाइवरमा Village Network को रुपमा ३० वटा सामुदायिक सूचना केन्द्रहरु स्थापना गरिएका छन् । आ.व.२०७२/७३ मा नेपाल सरकारले आफ्नै लगानीमा १५ जिल्लाका सामुदायिक विद्यालयमा १५ वटा सामुदायिक सूचना केन्द्र स्थापना गरिएका छन् भने चालू आ.व. २०७३/२०७४ मा ३७ जिल्लाको ४० स्थानमा सामुदायिक विद्यालयहरुमा सामुदायिक सूचना केन्द्रहरु स्थापना गर्ने कार्यक्रम रहेको छ ।

३. कार्यक्रमको उद्देश्य

सूचना तथा सञ्चार प्रविधिमा सबै क्षेत्रको सहज पहूँच स्थापित गर्दै Digital Divide लाई कम गर्ने ।

४. मूल्याकंनको उद्देश्यः यस आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य सामुदायिक सूचना केन्द्र कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दागोपनाको लेखाजोखा गर्नु रहेको छ । साथै, कार्यक्रमको तर्जुमा, संचालन विधि र त्यसले रोजगारी प्राप्ति र आय आर्जन बृद्धिमा पुर्‍याएको असर तथा तत्कालीन प्रभावबारे जानकारी लिनु समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

५. मूल्याकंनको क्षेत्र

५.१ कार्यसम्पादन

कार्यक्रमको कार्यसम्पादनको मूल्याकंन निम्न सूचकहरुको आधारमा गरिनेछ ।

- कार्यक्रममा विनियोजित बजेट, मानवीय संशाधन तथा उपकरण लगायतका साधन तथा श्रोतहरु योजना अनुसार प्रयोग भएका छन्, छैनन् ?
- कार्यक्रमका लक्ष्य अनुसार उपलब्धीहरु हासिल भए, भएनन् ? नभए त्यसका कारणहरु के के छन् ?
- कार्यक्रमका उपलब्धीहरु योजना अनुसार भएका छन्, छैनन् ?

५.२ सान्दर्भिकताः

- केन्द्रबाट कार्यक्रमको संचालन राष्ट्रिय नीति र प्राथमिकतासंग तादम्यता हुनेगरी भएको छ, छैन ?
- कार्यक्रम स्थानीय जनताको माग अनुसार संचालन भएको हो, होइन ?
- कार्यक्रमले समेटिएको भौगोलिक क्षेत्र र जनसंख्याको आकार उपयुक्त छ, छैन ?

कार्यक्रमको सान्दर्भिकताको स्तरीकरण अतिसान्दर्भिक(क), सान्दर्भिक(ख), मध्यम(ग) कम सान्दर्भिक(घ) र, सान्दर्भिक नभएको(ङ) भन्ने आधारमा हेरिनेछ ।

५.३ प्रभावकारिता

- यस कार्यक्रमले लिएका लक्ष्य तथा उद्देश्यहरु हाँसिल भए भएनन् ? सूचना तथा सञ्चार प्रविधिमा सबैको पहूँच अभिवृद्धि स्थापित गरी डिजिटल डिभाइडलाई कम गर्ने विषयमा परिमाणात्मक उपलब्धी के भए ?
- कार्यक्रमले लक्ष्य अनुसारका सेवा प्रदान गर्न सक्यो सकेन ? सकेको भए त्यसका कारणहरु के के थिए र छन् ?
- उपलब्ध सेवाको गुणस्तर कस्तो छ ?
- कार्यक्रमको प्रभावकारी संचालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्वहरु के के थिए ?

कार्यक्रमको प्रभावकारिताको स्तरीकरण अति प्रभावकारिता (क), प्रभावकारिता (ख), मध्यम (ग) सामान्य प्रभावकारिता (घ) र प्रभावकारिता नभएको (ङ) भन्ने आधारमा हेरिनेछ ।

५.४ कार्यदक्षताः

- सामुदायिक सूचना केन्द्र कार्यक्रम निर्धारित लागत र समयमा सम्पन्न भए, भएनन्?
- कार्यक्रमको लागत प्रभावकारिता कस्तो छ ?
- विभिन्न मोडिलिटीमा सञ्चालित सामुदायिक सूचना केन्द्रको संचालनको प्रति एकाइ लागत के कति छ ? उस्तै प्रकृतिको भौगोलिक क्षेत्रमा प्रति इकाइ लागत फरक भएको भए त्यसका कारणहरु के होलान् ?
- कार्यक्रमको श्रोत विनियोजन आवश्यकता अनुसार हुन सकेको छ, छैन ?

- विनियोजित बजेटको खर्चको कार्यकुशलता कस्तो छ ?

कार्यक्रमको कार्यदक्षताको स्तरीकरण अति कार्यदक्षतापूर्ण (क), कार्यदक्षतापूर्ण (ख), मध्यम (ग) कम कार्यदक्षतापूर्ण (घ) र कार्यदक्षता नभएको (ङ) भन्ने आधारमा हेरिनेछ ।

५.५ प्रभाव

- सूचना र प्रविधिमा स्थानीय जनताको पहूँच कस्तो रहेको छ ?
- कार्यक्रमबाट लक्षित वर्ग (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु लगायतका) लाई समेट्न सकेको छ, छैन ?
- कार्यक्रमले हालसम्म कति आम्दानी गरेको छ ?
- कार्यक्रमबाट लाभग्राही वर्गका लागि रोजगारी, स्वरोजगारी तथा आय आर्जनमा के कस्तो सकारात्मक प्रभाव परेको वा पर्ने देखिएको छ ?
- कार्यक्रमको प्रभावको स्तरीकरण अति धेरै प्रभाव पर्ने भएको (क), प्रभावपूर्ण रहेको (ख), मध्यम (ग), कम प्रभाव पर्ने देखिएको (घ), र कुनै पनि प्रभाव नभएको (ङ), भन्ने आधारमा हेरिनेछ ।

५.६ दिगोपना

- सामुदायिक सूचना केन्द्रबाट प्रदान गरिने सेवाको दिगोपना कस्तो छ ?
- सामुदायिक सूचना केन्द्र सञ्चालन गर्न आर्थिक श्रोत प्राप्तिको दिगोपना कस्तो छ ?
- कार्यक्रमको संचालन गर्ने प्राविधिक क्षमता (मानब श्रोत र ज्ञान तथा तालिम प्राप्त) को दिगोपना कस्तो छ ?

कार्यक्रमको दिगोपनाको स्तरीकरण अति दिगोपना भएको (क), दिगोपना भएको (ख), मध्यम (ग), कम दिगोपना भएको (घ), र दिगोपना नभएको (ङ), भन्ने आधारमा हेरिने ।

६. मुल्याङ्कन विधि:

यस कार्यक्रमको मूल्याङ्कन पद्धति स्थलगत अध्ययन, सरोकारवालासंगको अन्तर्वार्ता, समूहगत छलफल र कार्यक्रमका दस्तावेज अध्ययन गरिनेछ । साथै, मूल्याङ्कनको लागि प्राथमिक तथा द्बितीय दुवै किसिमका तथ्याङ्क सङ्कलन गरिनेछ ।

६.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

सामुदायिक सूचना केन्द्रको छनौट Random Sampling Method बाट गरिनेछ । साथै अन्य जानकारीहरु समूह केन्द्रित छलफल र सरोकारवालाहरुसङ्गको अन्तरक्रिया जस्ता गुणात्मक विधिबाट सङ्कलन गरिनेछ ।

क) जानिफकारसंग अन्तर्वार्ता (KII): जानिफकारसंग सूचना संकलन गर्न एक/एक वटा चेकलिष्ट तयार पारिने छ र सोको आधारमा जिल्लास्तरमा जिल्ला हुलाक कार्यालयका प्रमुख, हुसूके/सामुदायिक सूचना केन्द्र प्रमुख, कार्यक्रम सञ्चालित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रमुख र केन्द्रीय तहमा हुलाक सेवा विभाग र सूचना तथा सञ्चार मन्त्रालयका उच्च पदाधिकारीहरु गरी कम्तीमा १५ जनासंग अन्तर्वार्ता लिई सूचना संकलन गरिनेछ ।

ख) लक्षित समूह छलफल (Focused Group Discussion-FGD): कार्यक्रमबाट लाभग्राही व्यक्तिहरु (महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतका), सामुदायिक विद्यालयका विभिन्न कक्षाहरुका विद्यार्थीहरु, राजनैतिक दलका

प्रतिनिधिहरु तथा जिल्लास्थित पत्रकारहरुलाई बेग्ला बेग्लै वा मिश्रित रुपमा भेला गराई छानिएका प्रत्येक जिल्लामा न्यूनतम २ वटा पर्ने गरी सामूहिक छलफल मार्फत सूचना संकलन गरिनेछ ।

ग) स्थलगत भ्रमण/अवलोकनः विभिन्न जिल्लामा अवस्थित रहेका हुसूके/सामुदायिक सूचना केन्द्र/एस.डि.एफ./सासेक केन्द्रहरुको विभिन्न टोलीको निर्माण गरी स्थलगत अध्ययन भ्रमण गरिनेछ ।

६.२ द्वितीय तथ्याङ्क सङ्कलन विधि: समीक्षा गरिने प्रमुख दस्तावेजहरुको कार्यक्रम तथा रणनीतिक योजना, सोच तालिका, वार्षिक कार्यक्रमहरु, वार्षिक प्रगति प्रतिवेदनहरु, सामुदायिक विद्यालयसँग गरिएका सम्झौतहरु, विभिन्न अवधिमा भएका अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु, संचार ऐन, सूचना तथा सञ्चार नीति, योजना तथा कार्यक्रमसम्बन्धी दस्तावेजहरु र कार्यक्रमका लगायत अन्य प्रकाशनहरु पर्दछन् ।

७. मूल्याकंनको सीमाः यस मूल्याकंन कार्यमा सीमित समय, सीमित श्रोत साधन, र कर्मचारीबाट गरिने हुँदा विज्ञताको अभाव जस्ता सीमाहरु रहने देखिन्छ ।

८. अध्ययन टोलीको बनोटः सामुदायिक सूचना केन्द्र कार्यक्रमको मूल्याङ्कन गर्न टोली नेता सहित बढीमा ९ जनाको मुख्य टोली निर्माण गरिनेछ । टोलीको नेतृत्व राष्ट्रिय योजना आयोगको सचिवालयका अनुगमन तथा मूल्यांकन शाखाका कार्यक्रम निर्देशकले गर्नेछ । राष्ट्रिय योजना आयोगको सचिवालयका अनुगमन तथा मूल्यांकन शाखाका प्रतिनिधि, सचिवालयका सम्बन्धित क्षेत्र हेर्ने शाखाका प्रतिनिधि र मन्त्रालय/विभागका सम्बन्धित कार्यक्रम हेर्ने शाखाका प्रतिनिधिहरुको सहभागिता रहने गरी मुख्य टोली अन्तर्गत आवश्यकता अनुसार उप टोलीहरु गठन गरिनेछ । मूल्यांकन गर्न छानिएको जिल्लाहरु अनुसूचि-१ मा उल्लेख गरिएको छ र प्रत्येक जिल्लामा कम्तीमा २ वटा सूचना केन्द्रहरुको मूल्यांकन गरिनेछ । मूल्याङ्कन टोलीमा सहभागी हुने सदस्यहरुले आयोगवाट संचालन हुने आन्तरिक मूल्याकंन तालिम अनिवार्य रुपमा लिएको हुनुपर्नेछ ।

९. मूल्याकंनलाई आवश्यक पर्ने सरसामानको व्यवस्था (Logistic Support): मूल्याकंनको सिलसिलामा स्थलगत भ्रमणमा जाँदा आवश्यक पर्ने सरसामान राष्ट्रिय योजना आयोगको सचिवालयले उपलब्ध गराउनेछ ।

१०. सूचना आदान प्रदान गर्ने व्यवस्था: यस आन्तरिक मूल्याङ्कनलाई राष्ट्रिय योजना आयोगको सचिवालयको अनुगमन तथा मूल्याङ्कन महाशाखाले सबै प्राविधिक पक्षमा सहजीकरण तथा पृष्ठपोषण गर्नेछ ।

११. आन्तरिक मूल्याङ्कनका प्रतिवेदनहरुः नेपाली भाषामा लेखिएका यस मूल्याङ्कनका प्रतिवेदनहरु निम्नअनुसार हुनेछन्ः

घ) प्रारम्भिक प्रतिवेदन

ङ) मस्यौदा प्रतिवेदन

च) सरोकारवालाबाट पृष्ठपोषण प्राप्त भएपछि त्यसलाई समेत समावेश गरी अन्तिम प्रतिवेदन ।

१२. मूल्याकंनको समय तालिका

यस मूल्याकंनको समयावधि चार महिनाको हुनेछ । समय विभाजन देहाय अनुसार हुनेछ ।

सि.नं.	क्रियाकलाप	प्रथम महिना	द्धितिय महिना	तृतीय महिना	चौथो महिना	पाँचौ महिना
१.	TOR तयार गर्ने ।	पौष				

		मसान्त				
२.	मूल्याकंन कार्ययोजना, प्रश्नावली तथा Checklist तयार गर्ने ।		माघ महिनाभित्र			
३.	फिल्ड भ्रमण तथा सूचना संकलन कार्य गर्ने।			फाल्गुन महिना भित्र		
४.	तथ्याङ्क प्रशोधन एवं विश्लेषण गर्ने प्रारम्भिक प्रतिवेदन तयार गर्ने ।				०७४ असार मसान्तभित्र	
५.	अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्ने।					०७४ श्रावनको पहिलो हप्ता

१३. मूल्यांकन योजना

यस कार्यशर्तमा मूल्यांङ्कनका परिसूचकहरु, मूल्यांङ्कनका मुख्य प्रश्नहरु, मूल्यांङ्कनका सहायक पश्नहरु, निर्णयका आधारहरु, आवश्यक तथ्याङ्कका श्रोतहरु, तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषण विधि र जिम्मेवार व्यक्ति तथा समय समेत उल्लेख गरी देहाय वमोजिम मूल्याङ्कन मेट्रिक्स तयार गरिनेछ ।

सि.नं.	मूल्याकंनका परिसूचकहरु	मुख्य प्रश्नहरु	सहायक प्रश्नहरु	निर्णयका आधारहरु	तथ्याङ्कका श्रोतहरु	तथ्याङ्क संकलन विधि	जिम्मेवार व्यक्ति
१.	कार्यसम्पादन	कार्यक्रममा विनियोजित बजेट, मानवीय संशाधन तथा उपकरण लगायतका साधन तथा श्रोतहरु योजना अनुसार प्रयोग भएका छन् छैनन् ?	बजेट कति विनियोजन भएको छ ? जनशक्तिको अवस्था कस्तो छ	सर्वेक्षणबाट प्राप्त नतिजा विश्लेषण	द्धितीय सूचना	अभिलेख अध्ययन, KII	समूह
		कार्यक्रमका लक्ष्य अनुसार उपलब्धीहरु हासिल भए भएनन् ? नभए त्यसका कारणहरु केके छन् ?	लक्ष्यको प्रगति कस्तो छ?	सर्वेक्षणबाट प्राप्त नतिजा	द्धितीय सूचना	प्रतिवेदनहरु	समूह
		उपलब्धीहरु योजना अनुसार भएका छन् छैनन् ?	वार्षिक लक्ष्य प्रतिशत कति छ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक स्रोत	KII	समूह
२.	सान्दर्भिकता	सामुदायिक सूचना केन्द्रको स्थापना राष्ट्रिय नीति र प्राथमिकतासंग तादम्यता छ	सामुदायिक सूचना केन्द्र आम सञ्चार नीतिसंग सम्बन्धित	गुणात्मक परिमाणात्मक विश्लेषण	द्धितीय सूचनाहरु	प्रतिवेदनहरु, आमसञ्चार नीतहरु	समहू, मूल्याकंन विशेषज्ञ

		कि छैन ?	छ, छैन ?				
		सामुदायिक सूचना केन्द्र स्थानीय जनताको माग अनुसार स्थापना भएको हो कि होइन ?	Focused Group लाई सूचना प्रविधिको आवश्यकताको अवस्था कस्तो छ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक सूचना	KII, लक्षित समूह छलफल	समूह
		सामुदायिक सूचना केन्द्रले समेटिएको भौगोलिक क्षेत्र र जनसंख्याको आकार उपयुक्त छ छैन ?	कति जनसंख्यालाई सेमेटेर सामुदायिक सूचना केन्द्र स्थापना गरिने हो ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक सूचना	सर्वेक्षण	समूह
३.	प्रभावकारिता	कार्यक्रमले लिएका लक्ष्य तथा उद्देश्यहरु हाँसिल भए कि भएनन्?	प्रथम चौमासिक लक्ष्य कति छ ? वार्षिक लक्ष्य कति छ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक सूचना	KII	समूह
		कार्यक्रमले लक्ष्य अनुसारका सेवा प्रदान गर्न सक्यो सकेन? नभएको भए त्यसका कारणहरु के के थिए ?	User को कार्यदक्षता कस्तो छ ? प्राविधिक सरसामान प्रयोगयोग्य छ, छैन ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक सूचना	अन्तर्वार्ता	समूह
		उपलब्ध सेवाको गुणस्तर कस्तो छ?	सेवाग्राहीको सन्तुष्टिको अवस्था कस्तो छ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक सूचना	घरधुरी लक्षित समूह	समूह
		सामुदायिक सूचना केन्द्र कार्यक्रमको प्रभावकारी संचालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्वहरु के के थिए ?	सहभागीको Literacy अवस्था कस्तो छ? User को क्षमता कस्तो छ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक सूचना	घरधुरी सर्वेक्षण	समूह
४.	कार्यदक्षता	सामुदायिक सूचना केन्द्र कार्यक्रम निर्धारित लागत र समयमा सम्पन्न भए कि भएनन्?	बजेट पर्याप्त छ, छैन? User को क्षमता कस्तो छ? भौगोलिक विकटताले पुर्‍याएको असर कस्तो छ?	परिमाणात्मक विश्लेषण	द्धितीय सूचना	प्रतिवेदन, छलफल	समूह
		कार्यक्रमको लागत प्रभावकारीता कस्तो छ ?	समयमा आयोजना सम्पन्न भयो भएन ?	गुणात्मक परिमाणात्मक	द्धितीय सूचना	बजेट र खर्चको	समूह

				विश्लेषण		अवस्था	
		कार्यक्रमको श्रोत विनियोजन सक्षमता कस्तो छ ?	बजेटको पर्याप्तता कस्तो छ? समयमा बजेट उपलब्ध भयो भएन ?	परिमाणात्मक विश्लेषण	द्धितीय	बजेट,	समूह
		कार्यक्रमको श्रोत उपयोग सक्षमता कस्तो छ?	मानवीय सक्षमता कस्तो छ ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक	सर्वेक्षण	समूह
५.	प्रभाव	सूचना र प्रविधिको प्रयोगले समुदायमा कस्तो परिवर्तन ल्याएको छ ?	स्थानीय समुदायको जीवनशैली सूचना प्रविधिमैत्री भयो भएन?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथिमक स्रोत	अध्ययन, छलफल	समूह
		लक्षित वर्गको आर्थिक जीवनमा कस्तो सकारात्मक प्रभाव पारेको छ ?	स्थानीय समुदायको व्यावसायिक क्षमता अभिवृद्धि कस्तो रहेको छ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक स्रोत	प्रश्नावली	समूह
		सामुदायिक सूचना केन्द्रहरुले हालसम्म कति आम्दानी गरेको छ ? र आम्दानी बढाउने उपायहरु उपयोग गरेको अवस्था छ कि छैन ?		गुणात्मक परिमाणात्मक विश्लेषण	द्धितीय स्रोत	समीक्षा	समूह
६.	दिगोपना	सामुदायिक सूचना केन्द्रबाट प्रदान गरिने सेवाको दिगोपना कस्तो छ ?	प्राविधिक सरसामानको गुणस्तर कस्तो छ ?	तथ्याङ्क र विश्लेषण	द्धितीय स्रोत		समूह
		सामुदायिक सूचना केन्द्र सञ्चालन गर्न आर्थिक श्रोत प्राप्तिको दिगोपना कस्तो छ ?	कार्यक्रमलाई निरन्तरता दिन बजेट निरन्तर उपलब्ध सकिने अवस्था छ, छैन?	परिमाणात्मक विश्लेषण	द्धितीय स्रोत	बजेट	समूह
		संचालित सूचना केन्द्रको मर्मत संभार एवम् संचालन गर्ने प्राविधिक क्षमताको दिगोपना कस्तो छ ?	मानब श्रोत तालिम प्राप्त छ छैन ?	गुणात्मक परिमाणात्मक विश्लेषण	प्राथमिक स्रोत द्धितीय स्रोत	KII,	समूह

अनुसूचि-३

मूल्यांकनको लागि तयार गरिएको प्रश्नावली

(स्थानीयस्तरमा जिल्ला हुलाक कार्यालय/इलाका हुलाक कार्यालय प्रमुख/विद्यालयका प्रधानाध्यापक/वि.व्य.स.का अध्यक्ष र सूचना केन्द्र प्रमुखका लागि तयार गरिएको प्रश्नावली)

१. सूचना केन्द्रले कस्ता खालका सेवाहरु प्रदान गर्दछ ? यसको अवधारणा कसरी अगाडि आएको हो ?
२. सूचना केन्द्र सञ्चालनको लागि वार्षिक आम्दानी र खर्च के कस्तो रहेको छ ?
३. सूचना केन्द्रबाट प्रदान गरिने सेवामा स्थानीय व्यक्तिहरुको सहभागिता कस्तो रहेको छ ?
४. कार्यक्रमको उद्देश्य अनुसार सूचना केन्द्र सञ्चालनमा आएको छ, छैन ?
५. सूचना केन्द्र सञ्चालनको लागि दक्ष जनशक्तिको उपलब्धता कस्तो रहेको छ ?
६. सूचना केन्द्र सञ्चालनबाट स्थानीयस्तरमा के कति रोजगारी सिर्जना भएको छ ?
७. सूचना केन्द्रले कस्ता प्रकृतिका सेवा प्रदान गर्दछ ? प्रदान गर्ने सहभागीहरुको सन्तुष्टीको अवस्था कस्तो रहेको छ ?
८. सूचना केन्द्र सञ्चालनको लागि भौतिक पूर्वाधार तथा उपकरणहरु पर्याप्त मात्रामा छन् छैनन् ? ति पूर्वाधार तथा उपरकणहरुको प्रयोगको अवस्था कस्तो रहेको छ ?
९. सूचना केन्द्रले वार्षिक कति जनालाई तालिम तथा सेवा प्रदान गर्ने लक्ष्य लिएको छ ? र हालसम्म कतिलाई तालिम प्रदान गरेको छ ?
१०. लक्ष्य अनुसारको प्रगति हासिल भएको छ, छैन ?
११. सूचना केन्द्रका अपरेटरहरुलाई थप तालिम दिइएको छ, छैन ?
१२. सूचना केन्द्र सञ्चालन स्थानीय माग र आवश्यकता अनुसार भएको हो, होइन ?
१३. सूचना केन्द्रबाट प्रदान गरिने सेवामा वास्तविक लक्षित वर्गको पहूँच स्थापित हुन सकेको छ, छैन ?
१४. सूचना केन्द्र सञ्चालन निर्धारित समय र लागतमा सम्पन्न हुन सकेको छ, छैन ?
१५. सूचना केन्द्र सञ्चालनको लागि आवश्यक बजेट समयमा निकासा हुने गरेको छ, छैन ?
१६. सूचना केन्द्र सञ्चालनमा मन्त्रालय/विभागको सहयोग एवं समन्वय कस्तो रहेको छ ?
१७. सूचना केन्द्रबाट सेवा प्रदान गर्दा सेवाग्राहीहरुको प्राथमिकताक्रम कसरी निर्धारण गर्नुहुन्छ ?
१८. सूचना केन्द्रको मन्त्रालय/विभागबाट अनुगमन भएको भएको छ, छैन ? छ भने हालसम्म कतिपटक भएको छ ?
१९. सूचना केन्द्र सञ्चालनमा जिल्ला हुलाक/इलाका हुलाक कार्यालयहरुले सहयोग एवं समन्वय गरेको छ, छैन ? (सूचना केन्द्र प्रमुखलाई मात्र)
२०. सूचना केन्द्र प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि तँपाईको सुझाव के रहेको छ ?

(लक्षित समूह छलफलका लागि तयार गरिएको प्रश्नावली)

१. सामुदायिक सूचना केन्द्रले प्रदान गर्ने सेवाबारे जानकारी पाउनु भएको छ, छैन ?
२. तँपाइले सूचना केन्द्रबाट प्रदान गरिने सीप/तालिम लिनु भएको छ, छैन ?
३. सूचना केन्द्रले अन्तरक्रिया मार्फत सूझाव संकलन गरेको छ, छैन ?
४. सूचना केन्द्रले सञ्चालन गरेको तालिममा लक्षित वर्गको पहुँच कस्तो रहेको छ ?
५. सूचना केन्द्रको प्रयोग मार्फत तपाँईको पेशा प्रवर्द्धनमा के सुविधा पुगेको छ ?
६. सूचना केन्द्रले समय समयमा सचेतन कार्यक्रम सञ्चालन गर्ने गरेको छ, छैन ?
७. सूचना केन्द्रको आवश्यकता त्यस क्षेत्रमा कस्तो रहेको छ ?

८. सूचना केन्द्रबाट तालिम लिनु भएपछि तपाँईको व्यक्तित्व विकासम कस्तो योगदान पुगेको छ ?

९. तालिम प्रदान गर्ने अपरेटरहरुको कार्यकुशलता, व्यवहार कस्तो पाउनु भएको छ ?

१०. सूचना केन्द्रबाट प्रदान गरिने सेवाप्रति तँपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

११. सूचना केन्द्र स्थापना भौगोलिक हिसाबमा उपयुक्त ठाउँमा स्थापना भएको छ, छैन ?

१२. सूचना केन्द्रलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न सुधार गर्नुपर्ने विषयहरु के के हुनसक्छनऔंल्याई दिनुहोस ।

(हुलाक सेवा विभाव र सूचना तथा सञ्चार मन्त्रालयका रा.यो.आ.का माननीय सदस्य र सम्बन्धित क्षेत्र हेर्ने सहसचिव र जानकार पदाधिकारीहरु (KII) का लागि तयार गरिएको प्रश्नावली)

१. कार्यक्रम सञ्चालनबाट सूचना तथा सञ्चार मन्त्रालयले अंगीकर गरेका राष्ट्रिय नीतिहरुमा के कस्तो सहयोग पुगेको छ?

२. कार्यक्रमले लक्ष्य अनुसारको प्रगति हासिल गरेको छ, छैन ?

३. कार्यक्रम सञ्चालनको लागि के कस्ता नीति, कार्यविधि तथा दिग्दर्शनहरु रहेका छन् ? र सोमा भएको व्यवस्था समयानुकुल संशोधन हुनु आवश्यक छ, छैन ?

४. कार्यक्रम सञ्चालनको लागि बजेटको स्रोत र त्यसको दिगोपना के कस्तो रहेको छ ?

५. सूचना केन्द्रको केन्द्रीयस्तरबाट अनुगमन भएको छ, छैन ? भएको भए कति पटक भएको छ ?

६. सूचना केन्द्रहरुबाट प्रतिवेदनहरु प्राप्त भएको छ, छैन ?

७. कार्यक्रमको आम्दानी र खर्चको अवस्था कस्तो रहेको छ ?

८. कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि दक्ष जनशक्तिको सुनिश्चितता कसरी गर्नुहुन्छ ?

९. कार्यक्रमको हालसम्म कुनै अध्ययन/मूल्यांकन भएको छ, छैन ?

१०. कार्यक्रम सबै ठाउँमा प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छ, छैन ? नसकेको भए त्यसका कारणहरु केके हुन सक्छन् ?

११. सूचना केन्द्र स्थापना गर्दा छनौटको आधार/मापदण्ड के हो ?

१२. सामुदायिक सूचना केन्द्र सञ्चालनलाई अझ प्रभावकारी बनाउन भावि कार्ययोजना के छ ?

अनुसूचि — ४

मूल्यांकनको क्रममा सूचना तथा तथ्याङ्क लिइएका मुख्य सूचना दाताहरुको नामावलीः

सि.नं.	मुख्य सूचना दाताको नाम, थर	कार्यरत कार्यालयको नाम	पद
१.	केशरजंग कार्की	सूचना तथा सञ्चार मन्त्रालय	सहसचिव
२.	दिपकराज पौडेल	हुलाक सेवा विभाग	शाखा अधिकृत
३.	देवी प्रसाद अधिकारी	जिल्ला हुलाक कार्यालय, पाँचथर	नि.कार्यालय प्रमुख
४.	योगमाया खतिवडा	दिपशिखा कृषि सहकारी संस्था, पाँचथर	अध्यक्ष
५.	अमिता आचार्य	जिल्ला हुलाक कार्यालय, ताप्लुजङ	कार्यालय प्रमुख
६.	कल्पना राई	फ्रेन्डसि कृषि सहकारी संस्था, इलाम	सचिव
७.	राज कुमार के.सी.	जिल्ला हुलाक कार्यालय, सोलुखुम्बु	कार्यालय प्रमुख
८.	मधुप्रसाद दाहाल	इलाका हुलाक कार्यालय, रुम्जाटार, ओखलढुंगा	खरिदार
९.	विमला परियार	सगरमाथा तरुण जनजागृति युवा क्लव, खार्पा, खोटाङ्ग	कम्प्युटर सहायक
१०.	रमेश आचार्य	जिल्ला हुलाक कार्यालय, खोटाङ्ग	कार्यालय प्रमुख
११.	भिम बहादुर श्रेष्ठ	सामुदायिक सूचना केन्द्र, खर्कोट, सिन्धुली	कम्प्युटर सहायक
१२.	इश्वरी प्रसाद सुवेदी	जिल्ला हुलाक कार्यालय, रामेछाप	कार्यालय प्रमुख
१३.	कल्पना देवकोटा	समाजसेवा जागृति महिला तथा ऋण सहकारी संस्था, रामेछाप	सदस्य
१४.	शर्मिला पोखरेल	इलाका हुलाक कार्यालय, खिम्ति, रामेछाप	कम्प्युटर सहायक
१५.	विष्णु कुमार पौडेल	नमुना दिप युवा क्लव, सैंबु, रामेछाप	अध्यक्ष
१६.	सोम बहादुर श्रेष्ठ	इलाका हुलाक कार्यालय, साँघु रामेछाप	खरिदार
१७.	रोम बहादुर देवकोटा	नमस्ते बचत तथा ऋण सहकारी संस्था, सिन्धुली	अध्यक्ष
१८.	सिता मरासिनी	इलाका हुलाक कार्यालय, भिमान, सिन्धुली	खरिदार
१९.	कृष्ण विक्रम थापा	जिल्ला हुलाक कार्यालय, सिन्धुली	नि.कार्यालय प्रमुख
२०.	नन्दराज भट्ट	जिल्ला हुलाक कार्यालय, डडेल्धुरा	कार्यालय प्रमुख
२१.	खडग सिंह	कोला समौजी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था	अध्यक्ष
२२.	भूमि प्रकाश वम	वसन्त मुरारी उमावि, वैनिया, कैलाली	प्रधानाध्यापक
२३.	जयराज ढुंगाना	इलाका हुलाक कार्यालय, लम्की	खरिदार
२४.	केशवराज ओझा	इलाका हुलाक कार्यालय, अजयमेरु, डडेल्धुरा	कम्प्युटर सहायक
२५.	मेनुका श्रेष्ठ	जिल्ला हुलाक कार्यालय, कैलाली	कार्यालय प्रमुख

अनुसूचि — ५

मूल्यांकन टोलीको विवरण

१)	श्री गोकुल खड्का	कार्यक्रम निर्देशक	राष्ट्रिय योजना आयोगको सचिवालय
२)	श्री मिरा आचार्य	योजना अधिकृत	रायोआस
३)	श्री छायालाल मोक्तान	योजना अधिकृत	रायोआस
४)	श्री सुरेशबाबु घिमिरे	शाखा अधिकृत	सूचना तथा सञ्चार मन्त्रालय
५)	श्री सन्तोष कुमार खत्री	शाखा अधिकृत	सूचना तथा सञ्चार मन्त्रालय

मूल्यांकन अध्ययनमा सहभागी अन्य पदाधिकारीहरु

१)	श्री चित्राङ्गत बराल	कार्क्रम निर्देशक	रायोआस
२)	श्री बद्रीनाथ गैह्रे	निर्देशक	हुलाक सेवा विभाग
३)	श्री खड्गराज राई	योजना अधिकृत	रायोआस
४)	श्री कृष्ण व्यान्जु	योजना अधिकृत	रायोआस

अनुसूचि — ६

मूल्यांकनसंग सम्बन्धित केही तस्विरहरु

मूल्यांकन अध्ययनको क्रममा जिहुका पाँचथरका कर्मचारीहरुसंग ।

जिहुका, डडेलधुरा हुसूके केन्द्रमा कम्प्युटर तालिम लिंदै विद्यार्थी ।